# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ६५ | काठमाडौं | बुधवार, १२ असार २०८१ | Prabhab National Daily | Wednesday, June 26, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


### कोशी सरकारविरूद्धको रिट खारेज

# विश्वासको मत 'अनिवार्य' भएको फैसला




**हिक्मत कार्की**
मुख्यमन्त्री

**केदार कार्की**
पूर्वमुख्यमन्त्री

- पूर्वमुख्यमन्त्री केदार कार्कीले दायर गरेको रिट सर्वोच्चद्वारा खारेज
- दलले समर्थन फिर्ता लिएपछि विश्वासको मत लिनु अनिवार्य भएको फैसला
- हिक्मत कार्की नेतृत्वको गठबन्धन सरकारलाई राहत

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सर्वोच्च अदालतको फैसलाले कोशीको एमाले-माओवादी गठबन्धन सरकारलाई राहत मिलेको छ। पूर्वमुख्यमन्त्रीसमेत रहेका कांग्रेसका केदार कार्कीले गठबन्धन सरकारका मुख्यमन्त्री हिक्मत कार्कीविरुद्ध दायर गरेको रिट सर्वोच्चले मंगलबार खारेज हुने फैसला गर्‍यो । यससँगै हिक्मत नेतृत्वको कोशीको गठबन्धन सरकारले निरन्तरता पाउने भएको हो ।

सर्वोच्चका न्यायाधीशहरू कुमार रेग्मी, नहकुल सुवेदी र अजीज मुसलमानको इजलासले पूर्वमुख्यमन्त्री केदारले दायर गरेको रिट खारेज गर्ने फैसला गरेको हो । उनले आफूलाई मुख्यमन्त्री बनाउन परमादेश माग्दै हिक्मतलाई मुख्यमन्त्रीमा नियुक्त गर्ने प्रदेश प्रमुख परशुराम खापुङको निर्णय बदर गर्न माग गरेका थिए । तर, उनको मागअनुसारको आदेश आएन ।

सर्वोच्चले यस मुद्दामा मुख्य दुई आधारलाई टेकेको देखिएको छ । सर्वोच्चका सूचना अधिकारी गोविन्द घिमिरेका अनुसार केदारले मुख्यमन्त्रीमा विश्वासको मत नलिएको र हिक्मतले विश्वासको मत लिइसकेको विषयलाई रिट खारेजीको प्रमुख आधार बनाइएको छ । संविधानको धारा १६८ को ५ बमोजिम गठित सरकारलाई समर्थन गर्ने दल वा व्यक्तिले दिएको समर्थन फिर्ता लिएको अवस्थामा धारा १८८ को २ बमोजिम ३० दिनभित्र विश्वासको मत लिनुपर्ने सर्वोच्चले औंल्याएको छ ।

गत २६ चैत २०८० मा एमाले र माओवादीका ५२ जना प्रदेशसभा सदस्यले मुख्यमन्त्री केदार कार्कीलाई दिएको समर्थन फिर्ता लिएका थिए । त्यसपछि केदारले विश्वासको मत लिएनन् ।


(क्रमशः पृष्ठ २ मा)


### एकीकृत समाजवादीमा महाधिवेशनको चटारो

# अध्यक्ष र महासचिवमा माथापच्ची

- अध्यक्षमा दोहोरिन माधव नेपालको जोडबल
- झलनाथ खनाल र घनश्याम भुसाल पनि अध्यक्षको दौडमा
- महासचिवमा पौडेल, तुलाधर, ज्वाला, खतिवडा, झाँक्री र राई अघि बढ्ने
- खनालपक्षले भुसालपक्षलाई समर्थन गर्ने संकेत




■ **जेबी योञ्जन**

**काठमाडौं–** नेकपा एकीकृत समाजवादीमा अध्यक्ष र महासचिवका लागि दाबेदारहरू अधिक देखिएका छन् । पार्टी विधानअनुसार यी दुवै पद कार्यकारी हुन् । कार्यकारी पद प्राप्तिका लागि आकांक्षीहरू यतिबेला लबिइङमा व्यस्त छन् ।

हाल अध्यक्ष पदका लागि वर्तमान अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाल आकांक्षी देखिएका छन् । यी तीनमध्ये दुई जना उम्मेदवार हुने निश्चितजस्तै छ । खनाल र भुसालमध्ये एक जना अध्यक्षका उम्मेदवार हुने भएका छन् । पार्टीमा यी दुई नेता एकै गुटमा छन् । स्रोतका अनुसार खनालले भुसाललाई अध्यक्षमा अघि सार्ने सम्भावना बढी छ ।

'खनालभन्दा भुसालको पक्षमा युवा, विद्यार्थीसहितका जनसंगठनहरू लागेका छन् । महाधिवेशनका धेरै प्रतिनिधिहरूको मनोविज्ञान पनि भुसाललाई नै अघि सार्नुपर्ने भन्ने छ,' खनालनिकट एक नेताले प्रभावलाई भने, 'एक/दुई दिनमै खनालले भुसाललाई अध्यक्षमा अघि बढाउने घोषणा गर्न सक्छन् ।'

पार्टीमा अध्यक्ष नेपालसँग खनाल र भुसालले एक्लाएक्लै प्रतिस्पर्धा गरे चुनाव हार्न सक्ने यी दुई नेताको विश्लेषण छ । त्यही भएर एकताबद्ध भएर नेपालसँग चुनाव लड्दा जित्न सकिने बुझाइ छ । खनालले सैद्धान्तिकरूपमा पार्टीलाई नेतृत्व गर्दै अन्ततः वाम ध्रुवीकरणको पक्षमा लान पार्टी अध्यक्ष हुन चाहेको बताउने गरेका छन् । भुसालले राजनीतिक, सैद्धान्तिक र वैचारिक ढंगले पार्टी नेतृत्व गर्न अध्यक्ष हुनुपर्ने तर्क गर्दै आएका छन् । अध्यक्ष नेपालले भने एमालेसँग विद्रोहको नेतृत्व गरेको र पार्टीलाई बलियो बनाउन फेरि अवसर पाउनुपर्ने बताउँदै आएका छन् ।

नेपालनिकट केन्द्रीय कमिटी सदस्य सुदेश पराजुलीले आसन्न महाधिवेशनबाट अध्यक्षमा नेपाल निर्विकल्प भएको बताए । एमालेसँग विद्रोहको नेतृत्व नेपालले गरेको र विद्रोहको नेतृत्वकर्ता नेपाललाई महाधिवेशनले अनुमोदन गर्ने बताए ।

'झलनाथ कमरेड विद्रोहको नेता होइनन् । समर्थनमात्रै गरेका हुन् । नेता माधव नेपाल हुन् । उनी नेतृत्वको विद्रोहलाई अबको महाधिवेशनले अनुमोदन गर्ने हो । मतलव नेपाललाई नेतृत्वमा फेरि अनुमोदन गर्छ,' पराजुलीले भने, 'जेएन कमरेड सल्लाहकार बस्नुपर्छ । घनश्याम कमरेड अहिल्यै अध्यक्षका हकदार होइनन् ।' पार्टीमा अध्यक्ष पदका लागि यी तीन नेताको दौडधुप छ । मतदाता भने एक हजार ८४९ जना छन् । उनीहरूबाट को अध्यक्ष हुन्छन् ? आगामी सातासम्ममा प्रस्ट हुने छ ।

अध्यक्षबाहेक अर्को पद महासचिवमा झन् धेरै नेताको दाबेदारी छ । पार्टीका चार उपमहासचिवहरू डा. विजय पौडेल, डा. गंगालाल तुलाधर, प्रकाश ज्वाला र जगन्नाथ खतिवडाको दाबेदारी छ । दुई जना पार्टी सचिव राजेन्द्रकुमार राई र रामकुमारी झाँक्री पनि महासचिव पदका दाबेदार हुन् । पौडेल, तुलाधर र ज्वाला भित्रभित्रै तयारीमा व्यस्त छन् । खतिवडाले प्रभावसँग भने, 'जसले जे जसरी तयारी गरे पनि माधव नेपालको महासचिव मै हुँ ।'

एकीकृत समाजवादीको संगठनमा पौडेल, तुलाधर र ज्वाला प्रभावशाली हुन् । सचिव झाँक्री पार्टीभित्र र बाहिर चर्चित छिन् । देशमा गणतन्त्र स्थापना खातिर भएको दोस्रो जनआन्दोलनको अग्रमोर्चामा खटिएकी उनकै भरोसामा नेपालले एमालेबाट विद्रोह गर्ने आँट गरेको बताइन्छ । तर, उनी पछिल्लो अढाइ वर्षयता निष्क्रियजस्तै छिन् । पार्टी बैठकमा पनि उनको सहभागिता निकै कम हुने गरेको छ । कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारमा सहरी विकासमन्त्री हुँदा आफूलाई थाहै नदिई मन्त्रीबाट फिर्ता बोलाएको र पार्टीमा भूमिका खुम्च्याइएको भन्दै रुष्ट छिन् ।


(क्रमशः पृष्ठ २ मा)


### को कति बलिया ?

एकीकृत समाजवादीमा २० जनाको पदाधिकारी छ । केन्द्रीय कमिटी ३५९ जनाको छ । पदाधिकारी तीन जनामध्ये सबैभन्दा बढी अध्यक्ष माधव नेपालको पक्षमा देखिएका छन् । दोस्रोमा महासचिव घनश्याम भुसाल र तेस्रोमा झलनाथ खनाल छन् ।

पदाधिकारीमा नेपालको पक्षमा उपाध्यक्षहरू राजेन्द्र पाण्डे, प्रमेश हमाल, केशवलाल श्रेष्ठ, उपमहासचिवहरू गंगालाल तुलाधर र जगन्नाथ खतिवडा, सचिवहरू रामकुमारी झाँक्री, राजेन्द्र राई र नागेन्द्र चौधरी देखिएका छन् । खनाल पक्षमा भने पदाधिकारीमा रहेका उपाध्यक्ष जयन्तीदेवी राई र सचिव गरिमा शाह देखिएका छन् । महासचिव भुसालपक्षमा उपाध्यक्षहरू घनेन्द्र बस्नेत, धर्मनाथ शाह, उपमहासचिवहरू प्रकाश ज्वाला, विजय पौडेल, सचिवहरू जीवनराम श्रेष्ठ र हरि पराजुली देखिएका छन् ।

यस्तै, देशभरबाट आउने एक हजार ८४९ जना प्रतिनिधि (त्यसमध्ये ३५९ केन्द्रीय कमिटी र १०४ जना तीनवटा आयोग सदस्य)मध्ये भने तीन नेताले आ-आफ्नो पक्षमा बहुमत रहेको दाबी गर्दै आएका छन् । नेपाल पक्षले कोशी र बागमतीबाहेक अन्य पाँच प्रदेशमा आफ्नो पक्षको बहुमत प्रतिनिधि रहेको दाबी गर्दै आएको छ । खनालपक्षले कोशीमा अगाडि र अन्यमा मिश्रित प्रतिनिधि आएको दाबी गरेको छ । भुसालपक्षले कोशीबाहेक सबै प्रदेशमा आफ्ना बहुमत प्रतिनिधि आएको दाबी गर्दै आएको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# 'विदेशमा अप्ठेरोमा परेका नेपालीको उद्धार प्राथमिकतामा'



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले विदेशमा अप्ठेरोमा परेका नेपालीको उद्धार एवं आवश्यकतानुसार नेपाल फर्कन सहजीकरण गर्ने कार्यलाई विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले उच्च प्राथमिकतामा राखेका बताएका छन् । विनियोजन विधेयकअन्तर्गत परराष्ट्र मन्त्रालय एवं मातहतका निकायहरूका लागि विनियोजित बजेट तथा कार्यक्रममाथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्न नेपाली राजदूत तथा नियोग प्रमुखहरूलाई अभिमुखीकरण गरिएको बताए ।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार उनले विदेशमा हुने मृत्यु तथा कानुनी सजायका सम्बन्धमा सम्बन्धित मुलुकको कानुनबमोजिम प्रहरी अनुसन्धान तथा न्यायिक निरूपणमा केही समय लाग्ने भएकाले नेपाली नियोगले शव पठाउने तथा क्षतिपूर्तिको रकम दिलाउन कतिपय अवस्थामा केही समय लाग्ने भए पनि नियोगहरूबाट यस प्रकारका सेवा चौबिसै घण्टा प्राप्त हुन सक्नेगरी व्यवस्था मिलाइएको जानकारी दिए ।

'केही नियोगहरूमा टेलिफोन सेवाका अतिरिक्त 'हटलाइन' सेवाका साथै 'वेबसाइट' र सामाजिक सञ्जाललगायत माध्यमबाट सहज सम्पर्कको व्यवस्था मिलाइएको छ,' प्रधानमन्त्रीले भने, 'साउदी अरबलगायत केही नियोगमा 'सेल्टर होम'को व्यवस्था गरिएको छ । नियोगहरूले प्रत्यक्ष तथा 'अनलाइन' माध्यमबाट नेपाली कामदार लक्षित मनोपरामर्शसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।' राहदानी विभागले राहदानी सेवालाई थप प्रभावकारी र सेवाग्राहीमैत्री तुल्याइरहेको उल्लेख गर्दै उनले राहदानी वितरण अझ सहज, सरल र व्यवस्थित बनाउन प्रयत्न जारी रहने स्पष्ट पारे ।

उनले विदेशमा रहेका नेपालीको हकहितलाई ध्यान दिँदै राहदानी तथा 'कन्सुलर' सेवालाई प्रविधिमा आधारित बनाइएको जानकारी दिए । 'राजदूतावास नभएका मुलुकहरूमा विद्युतीय राहदानी आवेदन संकलन र वितरणका लागि घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ,' प्रधानमन्त्री दाहालले भने ।

# इजरायलका लागि केयर गिभरको आवेदन खुल्यो

- ८०० जनालाई नयाँ अवसर
- ६० प्रतिशत महिलाका लागि कोटा



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा काम गर्न सहायक कामदार (केयर गिभर) लागि आवेदन खुला गरेको छ । नेपाल सरकार र इजरायल सरकारबीच भएको सम्झौताअनुसार वैदेशिक रोजगार विभागले मंगलबार एक सूचना जारी गर्दै केयर गिभरका लागि ८०० जनाको आवेदन खुला गरेको हो ।

विभागले माग गरेको आवेदनमा ५०० जनालाई मुख्य उम्मेदवार र ३०० जनालाई वैकल्पिक उम्मेदवार रहने उल्लेख गरिएको छ । जसमा ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुषका लागि कोटा छुट्याइएको छ । सहायक कामदारमा छनोट हुनेले मासिक पाँच हजार ८८० सेकेल इजरायली मुद्रा अर्थात् दुई लाख १० हजार रूपैयाँभन्दा बढी पारिश्रमिक पाउने छन् । छनोटमा परेका कामदारको करार अवधि सुरुमा एक वर्ष र बढीमा पाँच वर्ष थप्न सकिने विभागले प्रस्ट पारेको छ ।

केयर गिभरमा इजरायल जान इच्छुक नेपाली नागरिकले सूचना जारी भएको २१ दिनभित्र अनलाइनमार्फत आवेदन दिनसक्ने विभागले व्यवस्था गरेको छ । आवेदन दिन २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेका महिला/पुरुष हुनुपर्ने बताइएको छ । आवेदन दिने व्यक्ति कम्तीमा १.५ मिटर उचाइ र ४५ किलोग्राम तौल भएको स्वस्थ्य र निरोगी हुनुपर्ने छ । न्यूनतम योग्यता १० कक्षा उत्तीर्ण गरी अनमी वा सिएमएसम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा प्लस टु वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यताप्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभरसम्बन्धी तीन महिनाको तालिम लिएको हुनुपर्ने उल्लेख छ ।


(क्रमशः पृष्ठ २ मा)





# उपत्यकाबासीको धारामा धाप ड्यामको पानी



**काठमाडौं (प्रस)–** सिन्धुपाल्चोकको अम्बाथानस्थित मेलम्ची खानेपानी आयोजना बन्द भएपछि मंगलबारबाट बागमती सुधार आयोजनाअन्तर्गत धाप ड्यामबाट उपत्यकामा पानी वितरण सुरु गरिएको छ । मेलम्ची खानेपानी आयोजनालाई मनसुनजन्य विपत्तिबाट जोगाउन सोमबारबाट आयोजना बन्द गरिएको हो ।

बागमती सभ्यता-एकीकृत विकास समितिसँग धाप ड्यामको पानी ल्याएर उपत्यकावासीलाई वितरण गर्ने सहमति भएको काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रवक्ता प्रकाशकुमार राईले जानकारी दिए । उनले हिजोबाट मेलम्ची खानेपानी आयोजना बन्द भएपछि मंगलबारदेखि धाप ड्यामको पानी वितरण सुरु भएको बताए ।

राईका अनुसार उपत्यकामा मेलम्चीको खानेपानी बन्द भएपछि खानेपानी अभाव बढ्ने भएकाले आपूर्ति व्यवस्थापनलाई केही सहज गर्न धाप ड्यामबाट दैनिक तीनदेखि चार करोड लिटर पानी ल्याउने सहमति भएको हो । 'मेलम्ची खानेपानीबाहेक विभिन्न स्थानबाट यो सुख्खा मौसममा नौ करोड लिटर दैनिक उपभोक्तालाई खानेपानी वितरण हुन्छ, त्यसमध्ये ४० प्रतिशत भूमिगत पानीले कभर गर्छ,' उनले भने, 'अब मेलम्चीको पानी बन्द भएपछि उपत्यकामा पानीको अभाव हुने भएकाले धाप ड्यामबाट पानी वितरण सुरु गरेका छौं ।' उनका अनुसार काठमाडौंमा दैनिक ४३ करोड खानेपानी माग छ । आवश्यकताअनुसार पानी आपूर्ति गर्न सकिएको छैन । बढ्दो जनसंख्यासँगै भूमिगत पानी, पोखरी, ढुंगेधारा सुक्दै जाँदा उपत्यकामा खानेपानीको अभाव बढिरहेको छ ।

माथिल्लो तटिय क्षेत्रमा पानी परिरहेको र अघिल्ला वर्षमा मेलम्ची नदीमा आएको बाढीले आयोजनाको ड्याममा क्षति पर्नुका साथै आयोजनासम्म जाने पुल बगाएपछि आयोजनालाई सुरक्षित गर्न सोमबारदेखि आयोजना बन्द गरिएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक रत्न लामिछानेले जानकारी दिए ।

# १३ करोडभन्दा बढी ठगी गर्ने ६ जना पक्राउ

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीले कलंकी ट्रेड सेन्टरका व्यापारिक सटर हस्तान्तरण गर्ने भनी विभिन्न व्यक्तिबाट १३ करोड रूपैयाँभन्दा बढी ठगी गर्ने सो सेन्टरका छ जना सञ्चालकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले कलंकीस्थित ट्रेड सेन्टरका व्यापारिक सटर हस्तान्तरण गर्ने भनी १३ करोड ७३ लाख ५२ हजार रूपैयाँ ठगी गरेको आरोपमा उनीहरूलाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा स्याङ्जाका शान्तिरमण पंगेनी, काठमाडौंका नरेन्द्र बज्राचार्य, राजु महर्जन, ललितपुरका राजेशकृष्ण श्रेष्ठ, पाल्पाका निरञ्जनकुमार श्रेष्ठ र कास्कीका ५९ वर्षीय चिरञ्जीवी पौडेल रहेको प्रहरीको भनाइ छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले कलंकी डेभलपर्स र मिला ल्याण्ड डेभलपमेन्ट प्रालिमार्फत कलंकी ट्रेड सेन्टर निर्माण गरी व्यापारिक सटर हस्तान्तरण गर्ने भनी ठगी गरेकाले उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका छ जनालाई जिल्ला अदालत काठमाडौंबाट तीन दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता अधिकारीले बताए ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SERVICO MANAGEMENT FACILITY AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/०६ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/११ LT. No. 302716 चलानी नं. ६०२१७५८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric | 10 | 0 | 1200 | ४४,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 18 | 2 | 1000 | ३६,६९६ | | | | | | | |
| 3 | Labour Service | 10 | 0 | 1000 | ३६,६९६ | | | | | | | |
| 4 | Messenger | 7 | 0 | 1400 | ५१,३७५ | | | | | | | |
| 5 | Waiter | 10 | 1 | 1400 | ५१,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd. Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com


## पृष्ठ १ बाट क्रमश:

### अध्यक्ष र महासचिवमा...

त्यही भएर उनी पार्टीमा निष्क्रिय छिन् । महाधिवेशनको चटारोबीच उनी सहाना प्रधान पुरुष महिला भलिबल प्रतियोगितामा व्यस्त छिन् । तर, पनि उनले महासचिवमा दाबेदारी रहने बताउने गरेकी छन् । युवामाझ चर्चित नेता राजेन्द्र राईको पनि महासचिवमा तयारी छ । कोशीका पूर्वमुख्यमन्त्रीसमेत रहेका राईलाई पनि महासचिव पदका बलियो उम्मेदवार मानिन्छ । महाधिवेशन यही असार १६ देखि २० गतेसम्म काठमाडौंमा हुने भएको छ । तर, महाधिवेशनअघि नै पार्टीमा नयाँ ध्रुवीकरण सुरु भएको छ ।

### विश्वासको मत...

यसैलाई पनि सर्वोच्चका न्यायाधीशहरूले कोशी मुद्दामा फैसलाको आधार बनाएको देखिएको हो । पूर्वमुख्यमन्त्री केदारले भने प्रदेश प्रमुख खापुङ, प्रदेश सभामुख अम्बरबहादुर विष्ट, एमाले संसदीय दलका नेता तथा मुख्यमन्त्री हिक्मत कार्की, कोशी प्रदेशसभा सदस्यहरू रेवतीरमण भण्डारी, गणेशप्रसाद उप्रेती र किशोरचन्द्र दुलाललगायतलाई पनि विपक्षी बनाई रिट दायर गरेका थिए ।

प्रदेश प्रमुख खापुङले गत २८ वैशाखमा हिक्मतलाई प्रदेशको मुख्यमन्त्री नियुक्त गरेका थिए । संविधानको धारा १६८ को उपधारा ५ अनुसार उनलाई मुख्यमन्त्री नियुक्त गरिएको थियो । त्यसबेला खापुङले संसद्को संकल्प प्रस्ताव, मुख्यमन्त्री बनाउँदा समर्थन दिएका एमालेका सांसदहरूले गरेको समर्थन फिर्ता लगायतका आधार र विश्वासको मत नलिएको भनी हिक्मतलाई मुख्यमन्त्री नियुक्त गरेका थिए ।

### इजरायलका लागि...

विगतमा इजरायल गएर काम गरेको वा गरिहरेको व्यक्तिका आफन्त हुन नपाइने सर्त राखिएको छ । जसमा विगतमा इजरायलमा गई कार्य नगरेको, बाबु, आमा, पति ,पत्नी, छोरा, छोरी इजरायलमा बसोबास नगरेको वा कार्यरत नरहेको हुनुपर्ने व्यवस्था राखिएको छ । छनोट प्रक्रियाका लागि लाग्ने खर्च भने आवेदक स्वयंले बेहोर्नुपर्ने उल्लेख गरिएको छ । आवेदकलाई अंग्रेजी भाषा अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । जसमा उम्मेदवारले अंग्रेजी भाषा परीक्षणको प्रमाणपत्रका रूपमा ब्रिटिस काउन्सिल नेपालबाट लिइएको फाउण्डेसन इंग्लिस टेस्ट (एप ६इटी)को कम्तीमा ए२ लेभलको प्रमाणपत्र पेस गर्नुपर्ने छ ।

सम्पूर्ण प्रक्रिया पूरा गरी पहिलो चरणमा स्वीकृत भएका उम्मेदवारहरूको सूची पपुलेसन, इमिग्रेसन एण्ड बोर्डर अथोरिटी (पिवा)मा जाँचबुझका लागि पठाइने बताइएको छ । जाँचबुझपछि सफल भएका उम्मेदवारहरूको सूची वेबसाइटमा प्रकाशन गरिने विभागले जनाएको छ । यसरी छनोट समितिले बढीमा १५ सय उम्मेदवारको योग्यताक्रम सूचीको अन्तिम रोस्टर तयार पारी पुन: पिवालाई नै उपलब्ध गराउने छ र पिवाले अन्तिम रोस्टरमा भएका उम्मेदवारलाई चिठ्ठामार्फत छनोट गर्ने छ ।

सुरुमा ५०० जना इजरायल गइसकेपछि इजरायली पक्षको मागका आधारमा वैकल्पिक उम्मेदवारको रूपमा रहेका थप ३०० जनालाई पठाउन सकिने विभागले उल्लेख गरेको छ । इजरायल जान हवाइ भाडाबाहेक करिब ४५ हजार रूपैयाँ लाग्ने विभागले जनाएको छ । हवाई भाडा भने प्रचलित बजार दरअनुसार हुने बताइएको छ । अहिले इजरायल जाने कामदारले हवाइ भाडाबापत ६० देखि ७८ हजार रूपैयाँसम्म बुझाउँदै आएका छन् ।

आकर्षक रोजगारीको गन्तव्य मानिएको इजरायलमा जिटुजी सम्झौतापश्चात् नेपाल सरकारले अहिलेसम्म ११ सय नेपाली कामदारलाई पठाइसकेको छ भने केहीलाई पठाउने प्रक्रिया जारी राखेको छ । इजरायलमा 'लर्न एण्ड अर्न' अन्तर्गत पनि नेपालीहरू जाने गरेका छन् । परराष्ट्र मन्त्रालयको तथ्यांकअनुसार हाल इजरायलमा चार हजार ५०० भन्दा बढी नेपालीहरू रहेका छन् ।

इजरायलले केयर गिभरमा मात्र नभई कृषि, निर्माण र हस्पिटालिटी सेवामासमेत नेपाली कामदारको माग गर्दै आएको छ । यद्यपि, अन्य क्षेत्रमा कामदार पठाउनेबारे नेपाल सरकारले कुनै निर्णय गरिसकेको छैन । इजरायलमा कामदार पठाउन नेपाल सरकार र इजरायलबीच ०७७ असोज १४ गते सम्झौता भएको थियो ।

# भोलिसम्म एसइईको नतिजा सार्वजनिक गरिने

**भक्तपुर (प्रस)–** राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको एसइई परीक्षाको नतिजा बिहीबारसम्म सार्वजनिक गर्ने तयारी भइरहेको जनाएको छ । कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले नतिजा सार्वजनिक गर्ने अन्तिम तयारीमा पुगेको जानकारी दिए ।

बोर्डअन्तर्गतको परीक्षा नियन्त्रण कार्यालयले तयार पारेको कार्ययोजनाअनुसार उत्तरपुस्तिका परीक्षण, अंकभार प्रविष्ट र 'मिस म्याच'को काम सकेर नतिजा प्रकाशनको अन्तिम तयारी भइरहेको उनको भनाइ छ । 'असार १५ गतेभित्र नतिजा सार्वजनिक गर्ने बोर्डको तालिका हो, तालिकाभन्दा पनि छिटो नतिजा सार्वजनिक गर्न बोर्ड र परीक्षा नियन्त्रण कार्यालयले तीव्र गतिमा काम गरेका छौं, बिहीबारभित्र नतिजा सार्वजनिक गर्नेगरी काम भइरहेको छ,' परीक्षा नियन्त्रक पौडेलले भने । उनले कर्मचारीहरूको समूह बनाएर काम भइरहेको बताए । उनले ५२ वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण भइ कार्यालयमा बाँकी काम भइरहेको जानकारी दिए ।

कार्यालयले गत वर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको थियो । परीक्षा नियन्त्रक पौडेलले यस वर्ष एसइईको नतिजा सैद्धान्तिक र प्रयोगात्मक फरक गरी सार्वजनिक गरिने बताए । यस वर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ अंकको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अंक नल्याउनेलाई एनजी उल्लेख गरिने उनको भनाइ छ । गत चैत १५ गतेदेखि सुरु भएको एसइईमा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार परीक्षार्थी सहभागी थिए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL DHOW FOR ENVIRONMENTAL PROJECTS COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/११ LT. No. 301149 चलानी नं. ६०२१६०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 12 | 0 | 150 | ६४,६९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 30 | 0 | 100 | ४३,१३० | | | | | | | |
| 3 | Welder | 8 | 0 | 150 | ६४,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Namo Buddha Recruitment Pvt. Ltd.

Govt. License 1370/74/75

Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168

E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com

Website : www.namobuddharecruitment.com

## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIP TOP COMPANY PROVIDES GENERAL BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०८१/03/११ LT No : 306773 चलानी नं. ६०२२१५४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / LABOR / HELPER (INDOOR) | 50 | 50 | 90 | ३९,१८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LAVERDE BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति २०८१/03/११ LT No : 306774 चलानी नं. ६०२२१५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE PEDICURE | 0 | 4 | 150 | ६५,३११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAMADA HOTEL & SUITES F Z E

पूर्व स्वीकृति मिति २०८१/03/११ LT No : 295520 चलानी नं. ६०२१०८६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping Attendant | 5 | 5 | 1200 | ४३,६२८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Masseur/Spa Therapist | 0 | 30 | 1200 | ४३,६२८ | | | | | | | |
| 3 | spa trainer | 0 | 2 | 1200 | ४३,६२८ | | | | | | | |
| 4 | Waiter/Waitress | 5 | 5 | 1200 | ४३,६२८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SELS AL MADINAH FURNISHED APARTMENTS

पूर्व स्वीकृति मिति २०८१/03/११ LT. No. 306794 चलानी नं. ६०२२१५४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee. | 1 | 0 | 1200 | ४२,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal

Phone No.: +977-1-4364494, 4352243

Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FERROPAN OILFIELD SERVICE & SUPPLIES LLC

पूर्व स्वीकृति मिति: २०८०/03/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/११ LT. No. 288314 चलानी नं. ६०२०३५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith | 57 | 0 | 1200 | ४२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 200 | 0 | 900 | ३२,१४० | | | | | | | |
| 3 | Carpenters | 59 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 4 | Civil Engineer | 10 | 0 | 6000 | २१४,२५५ | | | | | | | |
| 5 | Construction Carpenter | 35 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 6 | Electricians | 3 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 7 | Filling Clerk | 20 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 8 | Mechanical Engineer | 5 | 0 | 6000 | २१४,२५५ | | | | | | | |
| 9 | Painter Assistant | 18 | 0 | 1100 | ३९,२८० | | | | | | | |
| 10 | Painters | 30 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 11 | Plumbers | 2 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 12 | Scaffolders | 45 | 0 | 1300 | ४६,४२० | | | | | | | |
| 13 | Scaffolding Supervisor | 40 | 0 | 2500 | ८९,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD

Govt.Lic. No- 1168/073/074

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com

## सबैला नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

### बोलपत्र आशय सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१/03/१२

उपरोक्त सम्बन्धमा मिति २०८०।०२।२६ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित अति आवश्यक औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्रमा रित पूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये सबभन्दा घटी दररेट पेश गर्ने र सारभूत रुपमा प्रभाव ग्राही भएकोले सोही फर्मको दररेट स्वीकृत गरि खरिद गर्ने निर्णय भएकोले सो सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | विवरण | फर्मको नाम | स्वीकृत रकम |
|---|---|---|---|---|
| १. | SM/SQ/GOODS २०८०-८१ /०५ | अति आवश्यक औषधि तथा सर्जिकल सामान खरिद | ओजल मेडिसिन सपलायर्स जनकपुरधाम-०२ धनुषा | रू ४५६८६३८।३८ |

प्रमुख प्रशासकीय अधिकृत

# दुई देशको समझदारीमा इपिजी प्रतिवेदन बुझ्ने पहल जारी : प्रधानमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (इमिनेन्ट पर्सन ग्रुप-इपिजी) को प्रतिवेदन दुई देशको समझदारीबाट बुझ्ने पहल भइरहेको बताएका छन् । उनले आफ्नो भारत भ्रमणमा पनि उक्त विषयमा समझदारीका लागि पहल गरेको बताएका छन् ।

विनियोजन विधेयकअन्तर्गत परराष्ट्र मन्त्रालय एवं मातहतका निकायहरूका लागि विनियोजित बजेट तथा कार्यक्रममाथि सांसदहरूले उठाएका पूरक प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री दाहालले नेपाल-भारत सम्बन्ध र सन्धिलाई राष्ट्रिय सहमतिका आधारमा अगाडि बढाइने स्पष्ट पारे । उनले लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायत काली (महाकाली) नदीको पूर्वका सबै भूभाग नेपाल भन्नेमा सरकार दृढ रहेको बताए । नेपाल-भारतको सुगौली सन्धि, १८१६ बमोजिम ती भूभाग नेपालको रहेको र संविधान संशोधनमार्फत राजनीतिक नक्सामा समेटिएको तथा नेपालको निशाना छाप अद्यावधिक गरिएको उनले स्मरण गराए ।

प्रधानमन्त्री दाहालले भारत भ्रमणका अवसरमा नेपाल र भारतका प्रधानमन्त्रीबीच भएको भेटवार्तामा १९५० को शान्ति तथा मैत्री सन्धिलगायत विद्यमान द्विपक्षीय सन्धि तथा सम्झौतालाई परिमार्जन र अद्यावधिक गर्न एवं सीमासम्बन्धी विषयलाई स्थापित कूटनीतिक संयन्त्रमार्फत समाधान गर्ने सहमति भएको बताए । नेपाल-भारत सीमा कार्य समूहले नेपाल-भारत सिमानामा सीमास्तम्भको निर्माण, पुनःस्थापना तथा मर्मतका साथै दशगजा एवं 'क्रस होल्डिङ' को लगत तयार गर्नेजस्ता प्राविधिक कार्य निरन्तररूपमा गर्दै आएको उनको भनाइ छ ।

प्रधानमन्त्री दाहालले गत पुस १९ मा सम्पन्न नेपाल-भारत संयुक्त आयोगको सातौं बैठकमा दुवै पक्षले सिमानाको विषयमा छलफल गरेका र नेपाल-भारत सीमाको बाँकी खण्डमा काम चाँडो सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त भएअनुरूप परराष्ट्र मन्त्रालयमार्फत नेपाल-भारत सीमासम्बन्धी सीमा कार्य समूहको सातौं बैठकका निम्ति भारतीय पक्षलाई कूटनीतिक माध्यमबाट पत्राचार गरिएको जानकारी गराए ।

नेपाल-चीनबीच यदाकदा देखिने सीमा समस्याको समाधान गर्न दुई पक्षीय छलफल र सहमतिबाट हुने गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जनवादी गणतन्त्र चीनका स्टेट काउन्सिलर एवं परराष्ट्रमन्त्री वाङ यीले गरेको नेपाल भ्रमणका अवसरमा दुई देशका परराष्ट्रमन्त्रीहरूबीच भएको द्विपक्षीय भेटवार्तामा आपसी परामर्शमा नेपाल चीन संयुक्त सीमा निरक्षणसम्बन्धी कार्य अगाडि बढाउने सहमति भएको बताए ।

रुस-युक्रेन युद्धका कारण मृत्यु भएका र बन्धक बनाइएका नेपाली नागरिकको सम्बन्धमा मस्कोस्थित नेपाली दूतावास र रुसी महासंघको काठमाडौंस्थित राजदूतावासमा निरन्तर सम्पर्क र समन्वय भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नेपालीहरूको रुसमा हुने आवागमन व्यवस्थित गर्नका लागि सुझाव पेस गर्न कार्यदल गठन गरिएको जानकारी दिए । प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार उनले बन्धक बनाइएका नेपालीका सम्बन्धमा युक्रेन सरकारसँग कूटनीतिक माध्यमबाट कुराकानी भइरहेको स्पष्ट पारे ।

# प्रहरी हवल्दारसहित चार जना पक्राउ

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले भक्तपुरको दधिकोटका डिल्लीराज राउतको दुई करोड रूपैयाँ लुटपाटमा संलग्न रहेको अभियोमा प्रहरी हवल्दारसहित चारजनालाई पक्राउ गरेको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक अंगुर जिसीका अनुसार ओखलढुंगा मानेभञ्ज्याङ-३ घर भई हाल ललितपुर बस्ने मोनाराज राई, सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-२ का भीमबहादुर तामाङ, सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-२ का सुजन रसाइली र सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-२ घर भई हाल नेपाल प्रहरीको 'सशस्त्र प्रहरी दुई नम्बर गण महाराजगञ्ज' मा कार्यरत प्रहरी हवल्दार कृष्णबहादुर बोहरालाई पक्राउ गरिएको हो ।

कार्यालयले मंगलबार पत्रकार सम्मेलन गरेर आरोपितहरूलाई सार्वजनिक गरेको छ । उनीहरू यही असार ४ गते आफूहरू नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा आबद्ध रहेको बताउँदै राउतको घरभित्र प्रवेश गरी धम्क्याएर दराजमा राखेको दुई करोड रूपैयाँ लुटेर फरार भएका थिए ।

## बीमालेख हरायो

मिति २०८१/०२/०३ गते, रत्नपार्कदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : हेम प्रसाद दहाडी
बीमालेख नं : GLI ००१००१६३६४
Himalayan Life Insurance Co. Ltd.
ठेगाना : पोखरी-६, सिन्धुली
सम्पर्क नं : ९७४६२९९८६०

## साधारण सभा सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित २०८१/०३/१२

यस प्रोटिएन पावर कम्पनी लि. को प्रथम वार्षिक साधारण सभा देहाय मिति, स्थान र समयमा राख्ने भनि सबैमा सुचिकृत गरिन्छ ।

मितिः- २०८१/०३/२८
स्थानः- कम्पनीको प्रधान कार्यालय, का.म.न.पा.-३१, काठमाण्डौं
समयः- बिहान ११:३० बजे

## गाइड लाइसेन्स हरायो

मिति २०८१/०३/०२ गते साझ अन्दाजी ८ बजे ठमेल वडा नं.२६ देखि नयाँबजारसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको टुरिस्ट गाइड लाइसेन्स हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : राजकुमार कार्की
लाईसेन्स नं. : १०२७६-३
ठेगाना : आरुघाट-२, गोरखा
नागरिकता नं.: ४४१०५३/६७५
सम्पर्क : ९८१३३३११०५

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७०/१०/१९ मा दर्ता भएको प्रा.लि.नं. ११९१६३ को **टप नेपाल एड प्रा.लि.** नामक कम्पनीको यस कार्यालयको मिति २०८१/०३/११ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम खारेजीको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

---

श्री गरिव नवाज सामुदायिक वन उपभोक्ता समूह
नरैनापुर गा.पा.-१, बाँके

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०३/१२ गते)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रमा समूहको स्विकृत वन व्यवस्थापन अनुसार डि.व.का. बाँकेको च.नं २६६५ मिति २०८०/११/२९ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादन भएका काठ दाउरा समूहमा आन्तरिक खपत भै बांकी रहेका काठ दाउरा डि.व.का. बांकेको च.नं. ४१९९ मिति २०८१/३/११ को बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, जामुन, कर्मा दवदवे लगायतका गोलिया थान-५४ को ६८५.८८ क्यु.फि. काठ र साल दाउरा २.०० र अन्य जातका दाउरा ३:०० चट्टा हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई हैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सूचिकृत भएका उद्योग वा स:मिलहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको १:३० सम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धीत सबैलाई सूचित गरिन्छ ।

---

## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

(तेस्रो पटक सूचना प्रकाशन मिति २०८१/०३ /१२ गते)

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. १६२८ मिति २०८०/०९/१३ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३५६५ मिति २०८१/०१/३१ गतेको बाह्य निलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, धौटी, दवदवे र खयरका जातका गोलिया थान २२५ को २४७८।५१ क्यू. फि. काठ र साल जातको दाउरा ४.०० चट्टा, अन्य जातको दाउरा ६.०० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक वन पैदावारको लिलाम विक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरी ८औं दिनको दिउँसो १२.०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्णव्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री सिक सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-४, बाँके**

---

## नाम परिवर्तन संम्वन्धि सूचना


मिति २०८०/११/५ मा संम्पन्न विशेष वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी ( खाङ्ग्री ईन्टरनेशनल हस्पिटल प्रा. लि.) (Khangri International Hospital Pvt.Ltd.) मा रहेको संम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (काष्ठमण्डप इन्टरनेशनल हस्पिटल प्रा.लि. (Kasthamandap International Hospital Pvt. Ltd.) को कम्पनीले सकार्ने व्यहोर्ने गरि नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०८१/०२/२२ गतेको निर्णय अनुसार कंम्पनिको नाम परिवर्तन गरि (काष्ठमण्डप इन्टरनेशनल हस्पिटल प्रा.लि. (Kasthamandap International Hospital Pvt. Ltd.) कायम गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

---

# बोदेबरसाइन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बोदेबरसाइन, सप्तरी**
**मधेस प्रदेश, नेपाल**

## नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

### स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना



**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।

---


# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAPHTA FUEL COMPANY

पूर्व स्वीकृति मिति: २०८१/०३/११ | LT. No. 306783 | चलानी नं. ६०२२१५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०१५/०६८/६९

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com


---


# युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFARI HYPERMARKET LLC

पूर्व स्वीकृति मिति २०८०/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ | LT. No. 302547 | चलानी नं. ६०२१७४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 30 | 20 | 1200 | ४३,६३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 35 | 5 | 800 | २८,४६५ | | | | | | | |
| 3 | Security | 15 | 5 | 1200 | ४३,६३० | | | | | | | |
| 4 | Stall And Market Saleperson | 50 | 50 | 1200 | ४३,६३० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EMPOWER HUMAN RESOURCES MANAGEMENT PVT. LTD
Govt. License No. 1150/073/074
Sinamangal – 09 Kathmandu Nepal, Tel: +977-01-4560541/42
E-mail : info@empowerhrnepal.com.np, empowerhr1150@gmail.com
Website : www.empowerhrnepal.com.np


---


# कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREP FOOD SUPPLIES COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ | LT. No. 305986 | चलानी नं. ६०२२०७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |
| 3 | Commi 1. | 10 | 0 | 150 | ६५,३२० | | | | | | | |
| 4 | Cook | 10 | 0 | 250 | १०८,८८५ | | | | | | | |
| 5 | Labor | 7 | 0 | 120 | ५२,२५५ | | | | | | | |

कम्पनी : PREP FOOD SUPPLIES COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ | LT. No. 304023 | चलानी नं. ६०२१८८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commi 1 | 2 | 0 | 140 | ६०,७१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commi 2 | 2 | 0 | 130 | ५६,३७५ | | | | | | | |
| 3 | Commi 3 | 1 | 0 | 125 | ५४,२०५ | | | | | | | |

कम्पनी : FRONTEN GLOBAL TECHNICAL AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०८१/०१/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ | LT. No. 303603 | चलानी नं. ६०२१८४२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 800 | २९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales Officer | 10 | 10 | 2000 | ७२,५७५ | | | | | | | |
| 3 | Waiter | 10 | 0 | 900 | ३२,६६० | | | | | | | |
| 4 | Marketing Manager | 0 | 3 | 5000 | १८१,४३५ | | | | | | | |
| 5 | Sales Manager | 3 | 0 | 5000 | १८१,४३५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४३,५४५ | | | | | | | |
| 7 | Tile Layer | 2 | 0 | 1200 | ४३,५४५ | | | | | | | |
| 8 | Light Vehicle Driver | 1 | 0 | 2000 | ७२,५७५ | | | | | | | |
| 9 | Painter | 1 | 0 | 1200 | ४३,५४५ | | | | | | | |

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 134 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 52 | 17 | 1200 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३९७/०६०/०६१

Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## रोजगारीको अवसर गुम्न नदेऊ

**सरकार वैदेशिक रोजगारीको बाध्यात्मक अवस्था अन्त्य गर्ने भन्दै लागिपरेको छ । प्रधानमन्त्री, श्रममन्त्रीलगायत सरकारी अधिकारीहरूबाट यही भाषण सुन्न पाइन्छ । सरकारबाहिर रहेका दलहरूको पनि यही कुरा हुन्छ । तर, यो बाध्यात्मक अवस्था हटाउने प्रस्ट योजना न सरकारसँग छ न कुनै दलसँग । केवल जनमत बटुल्न यस्तो भाषणबाजी गर्दै आएका छन् । यो सुनेको पनि वर्षौं भइसक्यो तर स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्न सकिरहेको छैन । जसको परिणाम आज पनि दैनिक हजारौं युवा रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन् ।**

**नेपालीहरूको प्रमुख रोजगार गन्तव्य अझै पनि मलेसिया र खाडीका मुलुकहरूमा केन्द्रित छ । अधिकांश युवाहरू त्यही मुलुकमा रोजगारी लागि पुगेका छन् । पछिल्लो समय दक्षिण कोरिया, जापान तथा युरोपका विभिन्न मुलुकमा राम्रा अवसर आइरहेका छन् । तर, सरकारले आवश्यक काम नगर्दा कतिपय मुलुकमा आएका रोजगारीको अवसर गुम्ने अवस्थामा पुगेको छ । यसको उदाहरण जापान र जर्मनी बनेको छ । सरकारले समयमै कार्यविधि नबनाउँदा रोजगारीका लागि आकर्षक श्रम गन्तव्य मानिएको जापान र जर्मनीमा नेपाली कामदार पठाउने कार्य अड्किएको छ । श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले नयाँ श्रम गन्तव्यको खोजी गर्ने र आगामी वर्ष थप तीनवटा मुलुकसँग श्रमसम्बन्धी सम्झौता गर्ने नीति तथा कार्यक्रममा राखे पनि यसअघि नै श्रम सम्झौता भएका जापान र जर्मनीका लागि कार्यविधि बनाउन नसक्दा नेपाली कामदार पठाउने कार्य अड्किएको हो ।**

**सरकारले आगामी आर्थिक वर्षको बजेट भाषणमै तीनवटा श्रम गन्तव्य मुलुकसँग सम्झौता गर्ने उल्लेख गरेको छ । यद्यपि ती मुलुक कुन–कुन हुन् भन्ने प्रस्ट पारिएको छैन । यसको जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई दिइएको छ । नयाँ–नयाँ श्रम गन्तव्यको खोजी गर्ने र सम्झौता गर्ने जिम्मेवारी पाएको श्रम मन्त्रालयले समयमै गर्नुपर्ने तयारी नगर्दा आकर्षक रोजगारीका अवसर गुमिरहेको बताइन्छ ।**

**जर्मनी र रोमानियासँग सँगसँगै श्रम सम्झौता भए पनि रोमानियामा संस्थागत (म्यानपावर) मार्फत नेपालीहरू रोजगारीका लागि गइरहेका छन् । यद्यपि रोमानियामा नेपाली पठाउने सम्बन्धमा पनि कार्यविधि बन्न सकेको छैन । त्यसो त जापान र जर्मनीमा नेपाली कामदार पठाउने सवालमा पनि कार्यविधि नबनेको होइन । पूर्वश्रममन्त्री शरतसिंह भण्डारीले जापान र जर्मनीमा नेपाली कामदार पठाउन कार्यविधि जारी गरे पनि कार्यान्वयन हुन सकेन । उक्त कार्यविधि विवादित रहेको भन्दै आवश्यक अध्ययनपश्चात् परिमार्जनसहित जारी गर्ने बताउँदै श्रममन्त्री डोलप्रसाद अर्यालले केही समयपछि नयाँ कार्यविधि आउने बताउँदै आएका छन् । तर, काम भएको छैन । सरकारले कि त स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नुपर्‍यो, होइन भने वैदेशिक रोजगारीका लागि आएको आकर्षक अवसर गुम्न दिनु हुँदैन ।**

## मननयोग्य

### चाणक्य नीति

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए । पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे ।

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?' क्रमशः

# असारे गीतमा झल्किएको कृषि समाज



■ राममणि सिटौला

*असारै खाउँला दुधिला मकै*
*साउनै खाउँला खिर*
*घरमा छैन शीतलु वचन*
*मनमा छैन स्थिर*

●●●

*गैह्री खेतको मार्सी चामल पिसेर कसार*
*सुनको झचाली उघारी हेर्दा लागेछ असार*

जब असारको आगमन हुन्छ, सर्वत्र असारे लोकगीत गुञ्जिन थाल्छ । यस्ता लोकगीत समाजको आत्माको उज्ज्वल प्रतिविम्ब हो । यसमा मानव जीवनको जन्मदेखि मृत्युसम्मका संस्कार जोडिएका हुन्छन् । कुनै पनि देशको लोकगाथा, लोकगीत त्यो देशको सभ्यता, संस्कृति, लोकमानसको भावना, राग, द्वेष, हर्ष, विस्मात् आदिको साझा दर्पण हो ।

जबदेखि मानिसहरू समूहमा बस्न थाले, तबदेखि तिनमा चेतनाको विकास भयो र मनका भावना व्यक्त गर्न लोकगीत जन्मिए । लोकगीत वा गाथा आमजनजीवनको भावनाको उन्मुक्त स्थिति हो, जसमा अधिक मौलिकता भेटिन्छ । समाजमा शोषक र शोषित दुवै वर्गका आ-आफ्नै भाषा छ । शिक्षाको पहुँच पुगेका शोषक वर्गले शास्त्रीय साहित्यमार्फत आफ्ना अभिव्यक्ति उजागर गर्छ । जुन वर्ग निरक्षर छ, शिक्षाको अवसरबाट वञ्चित छ र थिचोमिचोमा परेको छ, त्यसका अभिव्यक्ति लोकगीत बनेर उजागर भएका छन् । लोकसाहित्यमा ती समस्त बोली र भाषागत अभिव्यक्ति हुन्छन्, जसमा आदिम संस्कृतिको अवशेष हुन्छ ।

सहज अभिव्यक्ति क्षमता र संक्षेपीकरणका कारण लोकसाहित्यले सधैँ शास्त्रीय साहित्यलाई टक्कर दिइरहेको हुन्छ । प्रायः शास्त्रीय साहित्य सत्ता, वैभव, शक्तिसम्पन्न वर्गीय व्यवस्थाका पक्षधरद्वारा पालितपोषित हुन्छ भने लोकसाहित्य आमजनताका जीवन जिउँदा भोगेको संघर्ष, अनुभव, उहोपोह, आरोहअवरोह सहज र सरलताले परिपूर्ण हुन्छ । लोकगीत प्रकृतिको सुरम्य वातावरणमा रचिएको हुन्छ । यसमा जीवनको यथार्थ हुन्छ, सादगी र सादापन हुन्छ, प्रेम, निष्ठा हुन्छ, इमानदारी हुन्छ, दुःखपीडा हुन्छ, दुःखसँग जुझ्ने संकल्प हुन्छ । मूलतः लोकको उदात्त चरित्र हुन्छ, जुन शिष्ट साहित्यमा दुर्लभ हुन्छ ।

लोकसाहित्यले बहुसंख्यकको भावनाको प्रतिनिधित्व गरेको हुन्छ । जनसाधारणद्वारा निर्मित लोकगीत देश, काल र परिस्थितिको चित्रण गर्दै प्रचलनमा आएको हुन्छ, गेयात्मक रूपमा एक स्थानबाट अर्को स्थानमा फैलिँदै गएको हुन्छ । कतिले लोकगीतलाई अशिक्षित वर्गको साहित्य भन्छन्, झचाउरे भनेर यसलाई अलि हेयको भावले हेर्छन् । भलै लोकगीतमा आधुनिक साहित्यमाझैं प्रशस्त अलंकार, शब्दाडम्बरका बुट्टा, छन्द, विम्ब र प्रतीक नहोलान् तर यसको सरलता, स्वच्छता र श्रुतिमाधुर्य यति प्रभावकारी हुन्छ कि तिनले मानिसका हृदय सहजै स्पर्श गर्छन् । लोकगीत आधुनिक गीत र साहित्यका निम्ति स्रोत पनि हो । कुनै पनि समाज चियाउन लोकगीतझैं सरल र सहज आँखीझ्याल अर्को हुनै सक्दैन ।

लोकगीत, गाथा, ऋतु गीत, संस्कार गीत, बाह्रमासा गीत, पर्व गीत, कर्म गीत, श्रम गीत आदि गरी विभिन्न प्रकारका हुन्छन् । श्रम गीतअन्तर्गतको एउटा गीत हो- रोपाइँ गर्दा गाइने असारे गीत । पूर्वीय लोकसभ्यतामा श्रम सधैं पूजनीय छ । ऋग्वेदमा भनिएको छ, 'श्रामतस्य सख्याय देवाः' (श्रम नगरी देवताको सहयोग प्राप्त हुँदैन ।) भागवत गीतामा त झन् पूरै श्रम र कर्मको महत्त्वलाई रेखांकित गरिएको छ । असारे गीत श्रमको महत्त्वलाई उच्चस्थान राखेर गाइएको गीत हो ।

नेपालमा खासगरी असार महिनामा धान रोपिन्छ । बडो मोहक र मादक हुन्छ असार । यतिखेर बादलका झुण्डहरू नयाँ क्रीडा गर्दै अनेक रूप धारण गरिरहेको हुन्छ, सप्तरंगी इन्द्रधनुषी छटाले सबैको हृदयलाई मोहित पारिरहेको हुन्छ, बोटबिरूवाहरू स्वच्छतापूर्वक वर्षात्मा भिज्दै मस्तीमा झुमिरहेका हुन्छन् । असार मास जगत्को जीवन र प्राणीको प्राण हो, धराको शृंगार, वनउपवनको अलंकार हो, हृदयमा उल्लास र उत्साहको प्रेरक, प्रेम र कामनाको सर्जक हो ।

यो सिर्जनाका निम्ति पनि उर्वर महिना हो । अंग्रेजी साहित्यका शेली, किट्स, रबर्ट फर्स्ट, स्पेनी साहित्यका गाब्रियल मिस्त्राल, जर्मनेली साहित्यका हर्मन हेस्से, संस्कृत साहित्यका कालिदास आदिले आफ्ना विलक्षण काव्य साधनाले असार (जुन-जुलाई) लाई मानवीकरण गरेका छन् । कालिदासले आफ्नो कालजयी कृति 'मेघदूत' मा वर्षाको जुन अनुपम र अद्भूत, मनोरम चित्र कोरेका छन् जसको अभिलेख आजसम्म कसैले तोड्न सकेको छैन ।

वर्षामा कवि, कलाकारले काल्पनिक संसार बनाएर रचना गरिरहेका हुन्छन् भने धर्तीपुत्र किसानले धर्तीमा सिर्जना गरिरहेका हुन्छन् । वर्षाको सबैभन्दा बढी व्यग्रताका साथ कसैले प्रतीक्षा गरिरहेका हुन्छन् भने किसानले नै गरिरहेका हुन्छन् । आदिकालदेखि नै किसान र प्रकृतिबीच घनिष्ठ सम्बन्ध रहिआएको छ । यतिखेर बर्सिएको वर्षा किसान र फसलका निम्ति अमृत समान हुन्छ । किसानहरू बेचैनीका साथ आकाश हेर्दै व्यग्र हुन्छन् । जब वर्षा हुन्छ, तब किसान हर्षले गद्गद् हुन्छन्, खेतमा रौनक छाउँछ । लोकगीतकारहरू किसानको मनस्थितिसँग भलिभाँती परिचित हुन्छन् । ती किसानसँगै वर्षात्का रिमझिममा भिज्दै गाउन थाल्छन् जसमा अरुण उपत्यकाले स्वर भरेको छ-

*रिमिमा झिमी पानी है पर्‍यो असारे मासैमा*
*हिँडेको हामी धान है रोप्न बेंसीको फाँटैमा ।*

वर्षामा कवि, कलाकारले काल्पनिक संसार बनाएर रचना गरिरहेका हुन्छन् भने धर्तीपुत्र किसानले धर्तीमा सिर्जना गरिरहेका हुन्छन् । वर्षाको सबैभन्दा बढी व्यग्रताका साथ कसैले प्रतीक्षा गरिरहेका हुन्छन् भने किसानले नै गरिरहेका हुन्छन् । आदिकालदेखि नै किसान र प्रकृतिबीच घनिष्ठ सम्बन्ध रहिआएको छ । यतिखेर बर्सिएको वर्षा किसान र फसलका निम्ति अमृत समान हुन्छ । किसानहरू बेचैनीका साथ आकाश हेर्दै व्यग्र हुन्छन् । जब वर्षा हुन्छ, तब किसान हर्षले गद्गद् हुन्छन्, खेतमा रौनक छाउँछ । लोकगीतकारहरू किसानको मनस्थितिसँग भलिभाँती परिचित हुन्छन् ।

लोकगीतमा प्रचुर मात्रामा मानवीय संवेदनशीलता हुन्छ, जुन व्यक्तिको चेतना, कल्पनाशीलता, भावप्रवणता, समूहमा मिश्रण भएर समूहको साझा वाणी बन्छ । यसले लोककल्याणको स्वरूप ग्रहण गर्छ । लोकका अनेकौं झाँकी देखिने लोकगीत स्वच्छता र सरलताले भरिनाका साथै मनका कल्मश, क्लेषलाई मेटाउने पियुषधारा समान हुन्छ । हाम्रा अतीत, वर्तमान र भविष्य सबैथोक लोकगीतमा सुरक्षित हुन्छ ।

देशका अधिकांश किसान मनसुनमा आधारित वर्षामा नै देशको प्रमुख बाली धानखेतीमा निर्भर छन् । मेहनती किसान वर्ग धानखेती गर्दा आफ्ना इच्छा, आकांक्षा, हर्ष, उल्लास, निराशा, अवसाद, कुण्ठा, अभिलाषा आदिलाई लोकगीतका माध्यमबाट व्यक्त गर्छ । आदिकालदेखि नै अन्नदाता वर्ग किसान लोकगीतसँग अविभाज्यरूपमा जोडिँदै आएका छन् । किसानी काममा अधिक शारीरिक श्रम गर्नुपर्छ, पसिना बग्छ, हातमा ठेला उठ्छ, आँत खरंग भएर तीर्खा लाग्छ । थकान मेटाई शरीरमा चुस्तीफुर्ती भरेर पुनर्ताजगी ल्याउनलाई किसानले रामदली, गोडेलो, दाइँगीत, असारे आदि श्रम गीत रचे, जसमा सबैभन्दा प्रमुख असारे गीत रहेको पाइन्छ । यो पनि बेठी, रसिया, घाँसे नगरा आदि गरेर विभिन्न हाँगामा बाँडिएका छन् ।

वर्षा ऋतुमा चल्ने ऋतुकालीन र श्रमगीतमा स्थानीय प्राकृतिक वातावरण र किसानका मनोदशाको चित्र पाउँछौं । जब असारे गीतभित्र प्रवेश गर्छौं, तब कृषि समाजको परिवेश, कृषि सामग्री, कृषि समाजको हर्षविस्मात्, आपत्विपत्, प्रेम, बिछोड, रमाइलो ठट्टा, हासपरिहास आदिको झल्को पाउँछौं ।

असारे गीत पूर्वी भागमा रसिया, मध्यक्षेत्रमा काँठे आदि नामले चर्चित छ । सोह्र-सोह्र अक्षरको फाँकीले बनेका यस्ता गीतमा हरेक पाउका १० अक्षरमा गएर विश्रान्ति लिन्छ । लामो स्वरमा लेग्रो तानेर गाइने यस्ता गीतमा पहिलो फाँकी झिकिन्छ । त्यसपछि त्यसमा अनुप्रासका टुक्का गाँसिन्छ र अन्तिममा टुप्पो गीत मिलाइन्छ ।

*किसानी दाइले खेती नै गर्‍यो, हातैमा कोदाली*
*जीवन धान्न गर्नु नै पर्ने, उकाली-ओराली*
*पानीमा पर्‍यो रिमी र झिमी, घाम लाग्यो घमाइलो*
*हजुर र हामी भेट भाको दिन, गरौं न रमाइलो*
*पानी र पर्‍यो रिमी र झिमी घुमैले तर्काउँछ...*

परम्परागत कृषिमा हलो र गोरूको सम्बन्ध नङमासुझैं प्रगाढ छ । अझै पनि गोरुविनाको कृषिको कल्पना गर्न सकिन्न । काँधमा काठले बनेको जुवा, भैंसीको छालाले बनेको हल्लुँडो, काठको जोतारो लगाएर नारिने गोरूलाई किसानले माले, तारे, झाले, जुरे, लालतारे आदि नामले पुकार्छन् भन्ने झल्को धर्मराज थापाको स्वर र संकलनमा रहेको लोकगीतमा पाइन्छः

*हरियो डाँडा माथि, हलो जोत्ने साथी*
*हो हो माले हो हो, हो हो तारे हो हो...*

मनसुन आउन लागेपछि सुक्खा खेतमा आली, कान्ला ताछेर बीउ राखिन्छ । जब बीउ हराभरा भएर आउँछ, तब किसानमा खुसीको सञ्चार हुन थाल्छ । पानी परेपछि खेतमा पानी जमाइन्छ अनि हिलो, आली मिलाउने काम हुन्छ । घरघरमा गएर बीउ बोक्ने लाठे, बीउ काढ्ने बियाडे, हिलो सम्याउने बाउसे आदिका निम्ति पर्मको आह्वान गरिन्छ, समाहा थुन्ने र खोल्ने काम गरिन्छ । विशेषतः असारे गीत समाहाको सुरिलो आवाजमा खुल्छ । आफ्नो आर्थिक क्षमताले भ्याएसम्म नौमती र पञ्चैबाजा हालेर रोपाइँ गरिनाका साथै भोजभतेर पनि गरिन्छ, जसलाई बेठी भनिन्छ ।

पहिले जिम्मावाल, मुखियाकामा श्रमिकहरूले सित्तैमा काम गर्नु पर्दाको कुण्ठास्वरूप बेठी गीत जन्मियो । पछि यसले संस्कृतिको रूप लिएको अनुमान गरिन्छ । बेठीमा नौमती र पञ्चैबाजाका तालमा बजाइने नगरा धुन, बेठी धुन, तिनताले गर्रा धुन, दोलखे रोपाइँ धुनको छुट्टै विशेषता छ । सिमेभूमे पूजाको धुनको अर्को आकर्षण हुन्छ, खोलाको धुनले सबको मन हरण गर्छ, जसअन्तर्गत छिटोछिटो दमाहा, झ्याम्टा, ढोलकी बजाउँदै हुर हुर हुर्राको राग अलापिन्छ । यस्ता धुनले जो कोहीलाई पनि हिलामा उफ्रिएर लडिबुडी खेलुँझैं बनाइदिन्छ ।

अझ बागमती क्षेत्रका नुवाकोट, रसुवातिर त बेठी गरिएको घरमा लाखे नचाइन्छ । हनुमानकोझैं मुकुन्डो पहिरेको लाखे हिलामा पसेर हिलो खाएको पनि देखिन पाइन्थ्यो । बेठीमा पूर्वी पहाडमा रसियाको छुट्टै आकर्षण हुन्छ भने बागमती क्षेत्रमा काँठे र सुदूर कर्णालीमा अवालीको अर्को मिठास हुन्छ । बागमतीका पूर्वी भागमा प्रचलित रसिया किसानका सुखदुःख, प्रेम, मिलन, पिर, बेथा, हासपरिहास आदिले ओतप्रोत हुन्छ ।

जल, वायु, आकाश, भूमि, अग्नि आदि पञ्चतत्त्वको प्रतिनिधित्व गर्ने दमाहा, झ्याली, सनही, टयाम्को, ढोलकी, नरसिंहा, कर्णाल आदि बाजाको तालमा गाइने बेठी गीतमा गीतसँगै धुनहरूको पनि छुट्टै महत्त्व छ । पञ्चैबाजाका तालमा बजाइने यस्तो धुनमा समूहले हुर हुर हुर्राको राग अलाप्छ । यस्ता धुनमा प्रमुख रूपमा दोलखे रोपाइँ धुन, धाँगर रोपाइँ धुन तथा दमाहा तालमा बजाइने नगरा धुन, सनही बाजाका तालमा बजाइने तिनसोरे-चारसोरे ख्याली धुन पर्छन् ।

प्रायः स्थानमा बाजासँगै मुखमा कालोमोसो दलेको लाखे पनि नचाइन्छ । त्यसको हाउभाउले बेठी हेर्न आउनेलाई मनोरञ्जन प्रदान गर्छ । जब लाखेमा देउता चढ्छ, ऊ हिलामा लडिबुडी खेल्दै हिलोसम्म खान थाल्छ, जसलाई खली खाने पनि भनिन्छ । नुवाकोट, रसुवाका पूर्वी भाग, मकवानपुरतिर पनि झन्डै यस्तै लयका गेडाहरू चल्छन् जुन वाद्ययन्त्रका तालमा र विनावाद्ययन्त्र घाँसेगीतका तालमा पनि गाइन्छ । यस्ता गीतमा मायापीरतिका संयोगान्त, वियोगान्त चित्र भेटिनाका साथै वर्षाको बाह्य र आन्तरिक चित्रण हुन्छ ।

किसानहरू बाहिर जति हाँसिरहेका हुन्छन् भित्र त्यति नै छट्पटी, पिर, बेथा बोकेर बाँचिरहेका हुन्छन् भन्ने अभिव्यक्ति लोकका प्रचलित यी गेडामा प्रस्ट झल्किन्छः

*हो हो रे राम हो*
*असार १५ खाने दहीचिउरा, साउन १५ खिर*
*घरमा छैन शितलु वचन, मनमा छैन थिर ।*

रोपाइँको दिन किसानलाई भ्याइनभ्याइ हुन्छ । दिनभरिका थकानले गलित बाउसे, रोपाहारहरू आलीमा बसेर गीत गाउँदै दुःखकष्ट, थकान बिर्सन खोज्छन्, एकार्कामा हिलो छ्यापाछ्याप गर्दै रमाइलो गर्छन् । स्थानअनुसार असारे गीतका फरक लय छन् । कर्णाली र सुदूरपश्चिमतिर अवालीको नामले चर्चित छ । बागमती र बागमती पूर्वको पूर्वी पहाडमा रोपाइँ बेठीमा पञ्चैबाजाको छुट्टै आकर्षण छ, कर्णाली र सुदूरपश्चिमतिर हुड्को बाजाको विशेष रौनक हुन्छ ।

कृषि कार्यमा पुरुषमात्र होइन, ग्रामीण महिलाहरू पनि त्यति नै दक्ष हुन्छन् । महिलाहरू कृषि कार्यमा पूर्णतः एकाग्रचित्त हुनका निम्ति लोकगीत गुनगुनाउँछन्ः

*'असारे झरी साउने झरी, धानको पातलाई*
*जन्मेको ठाउँ छोड्नै पर्ने, छोरीको जातलाई*
*छुपुमा छुपु ज्यान खेतै रोप्नु, हातैमा बीउ रहुञ्जेल*
*राम्रैमा लाउँला मिठैमा खाउँला, बाबाको जिउ छउञ्जेल...'*

जब धान रोप्ने महिलाहरू गाउँछन्, खेत उनीहरूको स्वरले खेत अभिभूत हुन्छ, उनीहरूको पदचापमा झुम्न थाल्छ । धर्ती र माटाको मूल्य बढी कसैले बुझेका हुन्छन् भने त्यो महिलाले बुझेका हुन्छन् । वास्तवमा असारे गीत एउटा समुद्र हो, जसमा विभिन्न भँगालाहरू छन् । नेपालमा ठूला, मझौला, भूमिहीन आदि गरी अनेक थरि किसान छन् ।

आजको युग भूमण्डलीकरणको युग हो । कृषिको आधुनिकीकरणका नाममा कृषियन्त्र, विषादीले हिले माछा, गँगटा, घोंगी मार्दै लगिरहेछ, जैविक विविधता नष्ट हुँदै गइरहेछ । पञ्चैबाजा र हुड्का बजाउनेहरू दलन र विभेदका सिकार भएर पेसा छाड्न बाध्य भइरहेछन् । श्रुति र स्मृति परम्परामा आधारित यस्ता लोकगीतहरू तबमात्र जीवित रहन्छ, जब यस्ता गीतहरूको पुस्तान्तरण हुन्छ । श्रमसँग जोडिएका यस्तो संस्कृति जोगाउन मौलिक संस्कृतिकर्मीहरू नै जुर्मुराउनुपर्छ । *रासस*

*(लेखक लोकसाहित्यका जानकार हुन्)*

# जुम्लाका सबै स्थानीय तहले ल्याए बजेट




**जुम्ला–** जुम्लाका आठवटै स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ का लागि बजेट ल्याएका छन् । ती सबै स्थानीय तहले रैथाने बाली संरक्षणदेखि शिक्षा, स्वास्थ्य, कृषि, सञ्चार, खानेपानी र बेरोजगार युवालाई रोजगारलगायतका कार्यक्रम बजेटमा समेटेका छन् ।

जिल्लाको तिला गाउँपालिकाले आगामी आवका लागि ४७ करोड ४० लाख रूपैयाँको बजेट ल्याएको छ । गाउँपालिकाका उपाध्यक्ष एवं कार्यक्रम तथा बजेट तर्जुमा समितिका संयोजक गोरीकला बुढाका अनुसार स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र पूर्वाधारलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम र बजेट ल्याइएको छ ।

सुलभ स्वास्थ्य सेवा विस्तार गर्न १० शयचाको अस्पताल निर्माणलाई तीव्रता दिइने नीति तथा कार्यक्रममा समावेश गरिएको उपाध्यक्ष बुढाले जानकारी दिए । सिंजा गाउँपालिकाले ४१ करोड २१ लाख रूपैयाँको बजेट प्रस्तुत गरेको छ । बजेट बेहोर्ने स्रोतका रूपमा आन्तरिक राजस्व, अन्तरसरकारी राजस्व बाँडफाँट तथा संघ र प्रदेशबाट प्राप्त अनुदानलाई आधार बनाएर बजेट सार्वजनिक गरेको गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी बताए ।

तातोपानी गाउँपालिकाले ४९ करोड ४० लाख रूपैयाँको बजेट ल्याएको छ । गुठीचौर गापाले ४१ करोड १० लाख रूपैयाँको बजेट प्रस्तुत गरेको छ । हिमा गापाले ४९ करोड ४१ लाख रूपैयाँको बजेट ल्याएको गाउँपालिका अध्यक्ष लक्ष्मण शाहीको भनाइ छ । कनकासुन्दरी गापाले ५१ करोड दुई लाख र पातारासी गापाले ४४ करोड ४९ लाख रूपैयाँको बजेट ल्याएका छन् ।

जिल्लाको एकमात्र नगरपालिका चन्दननाथले ६७ करोड १० लाख रूपैयाँको बजेट प्रस्तुत गरेको नगरउपप्रमुख रामदेवी खड्काले जानकारी दिइन् । नीति तथा कार्यक्रममा व्यवस्थित सहरीकरण, वातावरण संरक्षण तथा विपत् व्यवस्थापन, फोहरमैला व्यवस्थापन र खानेपानी प्राथमिकतामा राखिएको नगरपालिकाले जनाएको छ । यस्तै गुठीचौर, पातारासी, कनकासुन्दरी र तातोपानी गाउँपालिकाले पनि कृषि, सञ्चार र स्वास्थ्य, भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम र बजेट ल्याएका छन् ।

कम्तीमा एकपटक पालिकास्तरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने भएको छ । विशेषज्ञसहित निःशुल्क स्वास्थ्य शिविर र ज्येष्ठ नागरिक, बालबालिका र गर्भवतीको नियमित स्वास्थ्य परीक्षणको प्रभावकारी व्यवस्था मिलाइने तिला गाउँपालिकाका अध्यक्ष मोतिलाल रोकायाले जानकारी दिए ।

पालिकाले स्वास्थ्यसँगै शिक्षा क्षेत्रलाई पनि प्राथमिकतामा राखेको छ । सीपमूलक र व्यावहारिक शिक्षासहित सुविधा सम्पन्न इसिइडी कक्षा व्यवस्थापन, जीवनउपयोगी शिक्षा, एक वडा एक खेलकुद मैदान निर्माण, विद्यालयको सुन्दरता र हराभरा विद्यार्थीहरूको सक्रिय सहभागितालगायत कार्यक्रम नीति तथा कार्यक्रममा समावेश गरिएको तिला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर बुढ्थापाले बताए ।

गाउँपालिकाले पर्यटन क्षेत्रको विकासका लागि प्राथमिकताका साथ योजना ल्याएको छ । सेवा प्रवाह जनताको घरदैलोमा पुऱ्याउन एकीकृत घुम्ती सेवामार्फत सेवा प्रवाह गर्ने र करको दर घटाउँदै करको दायरा विस्तार गर्ने योजना तिलाले नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । *रासस*


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/१२ गते)

गोविर पुनको छोरा, सिरकला पुनको श्रीमान् पर्वत जिल्ला क्याङ गा.वि.स.वडा नं ०५ स्थायी घर भई हाल पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ०५ बस्ने कमल बहादुर पुनको मिति २०८१/०१/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैकको कुश्मा शाखामा रहेको बचत खाता नं ०४७००६६४७१३००००१ र ०४७००२६६१५५००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाउँ भनी निज खाताबालाको छोरा अमर बहादुर पुनले यस बैक शाखामा निवेदन दिनु भएको हुदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र आफ्नो हकलाग्ने ब्यहोरा प्रमाणित हुने सक्कलै सबुद प्रमाण कागजात सहित यसै बैकको शाखा कार्यालय कुश्मामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हक दावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने ब्यहोरा यसै सुचना मार्फत जानकारी गराउदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कुश्मा, पर्वत फोन नं. ०६७-४२११४५/४२१२१३



श्री गाजी सामुदायिक वन उपभोक्ता समूह
नरैनापुर गा.पा.-१, बाँके

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०३/१२ गते)

यस सामुदायिक वन उपभोक्ताले व्यवस्थापन गरेको वन क्षेत्रमा समूहको स्वीकृत वन व्यवस्थापन अनुसार डि.व.का. बाकेको च.नं. २४४५ मिति २०८०।११।१८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादन भएका काठ दाउरा समूहमा आन्तरिक खपत भै बाँ की रहेका काठ दाउरा डि.व.का. बाकेको च.नं. ४१९५ मिति २०८१/०३/११ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा, दवदवे लगाएत गोलिया थान-३५ को ६६९.४० क्यू फिट काठ र साल दाउरा २.०० र अन्य जातको २.०० चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सुचिकृत भएका उद्योग वा स:मिलहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको १:३० बजेसम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रोटक प्रकाशित मितिः २०८१/०३/१२

यस कम्पनीको मिति २०८१/०१/२१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **मेहंदी ओभरसिज प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **किष्ट ह्युमन रिसोर्स प्रा.लि**. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०३/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **किष्ट ह्युमन रिसोर्स प्रा.लि**. (प्रा.लि.नं. १६६२५६) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


# महाकालीको कटान रोक्न कुतियाकबरमा जैविक तटबन्ध



**वेदकोट (कञ्चनपुर)–** बोरामा माटो भरिएको छ । बास जोडेर जालीझैँ बनाइएको संरचना नदीमा गाडिएको छ । केही जाली महाकाली नदी नजिकै तयारी अवस्थामा छन् । कोही तार कस्दै छन् त कोही माटो राखिएका बोरा जालीमा भरान गर्दै छन् ।

कञ्चनपुरको दोधारा चाँदनी-१० कुतियाकबरमा केही दिनयता स्थानीय यसरी नै जैविक तटबन्ध निर्माणको काम गरिरहेका छन् । महाकाली र जोगबूढा नदीले घेरेर बाढी तथा कटानको जोखिममा रहेको कुतियाकबर बस्ती जोगाउन जैविक तटबन्ध निर्माण कार्य भइरहेको हो ।

दोधारा चाँदनी नगरपालिकाको दुई लाख ९५ हजार रूपैयाँ र अन्य केही संघसंस्था र स्थानीयको सहयोगमा जैविक तटबन्ध निर्माण भइरहेको स्थानीय ऐनबहादुर सुनारले बताए । 'कटानको जोखिम भएको ठाउँमा तटबन्ध निर्माण भइरहेको हो । बर्षात्मा महाकाली उर्लेर आउँछ, कटान गरेर खेतीयोग्य जमिन बगाएर लैजान्छ,' उनले भने, 'जैविक तटबन्धले केही हदसम्म कटान रोक्ने विश्वाससहित यो काम गर्दैछौं ।' उनका अनुसार दुई साताभित्र जैविक तटबन्धनको काम सम्पन्न हुने छ ।

कुतियाकबरबासीले महाकाली नदी र जोगबूढा नदीमा आउने बाढी र कटानले हरेक वर्ष सास्ती भोग्दै आएका छन् । यहाँ पक्की तटबन्धन नहुँदा अधिकांश नागरिकको खेतीयोग्य जमिन कटान गरेर बगर भएको छ । स्थानीय प्रेमबहादुर कार्कीले पक्की तटबन्धन निर्माणका लागि बारम्बार माग गर्दा पनि सुनुवाइ नभएको गुनासो गरे । 'महाकालीमा पक्की तटबन्ध निर्माण गरिनुपर्छ भन्ने कुतियाकबरवासीको एउटै माग हो । यसका लागि सम्बन्धित निकायमा धेरै धायौं तर हाम्रो माग कसैले सम्बोधन गरेनन्,' उनले भने, 'पक्की तटबन्ध निर्माण भए थप कटान हुन्थेन । समस्याको दीर्घकालीन समाधान पनि हुन्थ्यो ।'

पक्की तटबन्ध निर्माण नगर्दा बर्सेनि अस्थायी तटबन्ध बनाएर बजेट खेर गइरहेको उनको भनाइ छ । 'पक्की तटबन्ध छैन, थोरै भए पनि कटान रोकथाम हुन्छ कि भनेर हरेक वर्ष यसैगरी अस्थायी तटबन्ध बनाउछौं तर बगेर खेर जान्छ । योभन्दा त एकमुष्ट पक्की तटबन्ध गरेर नागरिकको समस्या समाधान र सरकारको बजेटको सदुपयोग गरे हुन्थ्यो नि !,' उनको सुझाव छ ।

दोधारा चाँदनी नगरपालिकाका प्रमुख किशोर कुमार लिम्बूले स्थानीय तहको बजेटले मात्रै महाकालीमा पक्की तटबन्धन निर्माण गर्न नसकिने बताए । पक्की तटबन्धन निर्माणका लागि प्रदेश र संघ सरकारले चासो देखाउनुपर्ने उनको भनाइ छ । 'हाम्रो बजेटले मात्रै पक्की तटबन्ध निर्माण गर्न सकिँदैन । कटान रोकथामका लागि पक्की तटबन्ध नै अन्तिम विकल्प हो । यसमा प्रदेश र संघ सरकारले गम्भीर बन्नुपर्छ,' उनले भने । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALASCON COMPANY LIMITED..
पूर्व स्वीकृति मिति : २०८०/१२/०१ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ LT. No. 301553 चलानी नं. ६०२१६४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL
पूर्व स्वीकृति मिति २०८०/०४/११ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ LT. No. 289954 चलानी नं. ६०२०५२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,७३० | | | | | | | |

कम्पनी : DREAM CATCHER TECHNICAL SERVICES EST.
पूर्व स्वीकृति मिति २०८१/०१/३० पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ LT. No. 304654 चलानी नं. ६०२१९३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 10 | 0 | 1200 | ४३,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 10 | 0 | 1200 | ४३,७६५ | | | | | | | |
| 3 | Plumber | 5 | 0 | 1200 | ४३,७६५ | | | | | | | |
| 4 | Steel Fixer | 5 | 0 | 1200 | ४३,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com
श्रम ईजाजत नं. १२२४/०७४/०७५



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-HAIDER CONTRACTING COMPANY, HADI SALEH AL-HAIDER AND PARTNERS COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०३/११ LT. No. 306818 चलानी नं. ६०२२१५५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 3 | 0 | 1800 | ६४,०५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Cable Connecter | 3 | 0 | 1200 | ४२,७०० | | | | | | | |
| 3 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,०५० | | | | | | | |

कम्पनी : ARABIAN GULF CONSTRUCTION COMPANY FOR TRADING AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/०३/११ LT. No. 306817 चलानी नं. ६०२२१५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 4 | 0 | 1800 | ६४,०५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६४,०५० | | | | | | | |

कम्पनी : BETTER QUALITY RESTAURANTS FOR SERVING MEALS
पूर्व स्वीकृति मिति : २०८१/०३/११ LT. No. 306816 चलानी नं. ६०२२१५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD
पूर्व स्वीकृति मिति २०८१/०३/११ LT. No. 306806 चलानी नं. ६०२२१५४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waterproofing Agent | 20 | 0 | 1500 | ५३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD
पूर्व स्वीकृति मिति २०८१/०३/११ LT. No. 306807 चलानी नं. ६०२२१५४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 90 | 0 | 1200 | ४२,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD
पूर्व स्वीकृति मिति २०८१/०३/११ LT. No. 306809 चलानी नं. ६०२२१५४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder/Construction Worker/Building Worker | 100 | 0 | 1200 | ४२,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD
पूर्व स्वीकृति मिति २०८१/०३/११ LT. No. 306810 चलानी नं. ६०२२१५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder/Construction Worker/Building Worker | 40 | 0 | 1200 | ४२,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Worker | 24 | 0 | 1200 | ४२,७०० | | | | | | | |
| 3 | Loading And Unloading Worker | 30 | 0 | 1200 | ४२,७०० | | | | | | | |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD
पूर्व स्वीकृति मिति २०८१/०३/११ LT. No. 306811 चलानी नं. ६०२२१५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder/construction Worker/building Worker | 22 | 0 | 1200 | ४२,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Furniture Assembler | 40 | 0 | 1500 | ५३,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OPERATIONAL BUSINESS GATE FOR OPERATION & MAINTENANCE CO
पुर्व स्वीकृति मिति २०८१/०३/११ LT. No. :306788 चलानी नं. ६०२२१५४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 13 | 0 | 1200 | ४२,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALBAHR ALDHABY DIGITAL MARKETING
पुर्व स्वीकृति मिति २०८०/०४/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/११ LT. No. 292259 चलानी नं.६०२०७४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 9 | 11 | 900 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १९ गते (3rd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

# प्रभाव दैनिक

बुधबार १२, असार २०८१ (Wednesday, June 26, 2024)


## 'मिस ग्राण्ड नेपाल, २०२४' को आवेदन खुला



'मिस ग्राण्ड नेपाल, २०२४' नामक सौन्दर्य प्रतियोगिताका लागि आवेदन खुला गरिएको छ । उमङ्ग क्रिएसन प्रालिका प्रवन्ध निर्देशक उद्धव अधिकारीले आजैदेखि आवेदन खुला गरिएको र इच्छुकले यही असार ३१ गतेसम्म आवेदन दिनसक्ने जानकारी दिए । उनका अनुसार प्रतियोगितामा १८ देखि २९ वर्ष उमेर समूहका अविवाहित महिलाले आवेदन दिनसक्ने छन् भने आवेदकहरूको उचाइ कम्तीमा पाँच फिट तीन इञ्च हुनुपर्नेछ । कम्पनीका अनुसार प्रतियोगिताको विजेताले नेपालको प्रतिनिधित्व गर्दै 'मिस ग्राण्ड इन्टरनेसनल-२०२४'मा सहभागी हुन पाउनेछन् ।

# 'यो मन त मेरो नेपाली हो' को सुटिङ सकियो



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'यो मन त मेरो नेपाली हो' को सम्पूर्ण छायांकन सकिएको छ । आखै रसिलो बोलको गीतको छायांकन सकिए लगतै चलचित्रको छायांकन सकिएको हो । भोइस अफ नेपालको स्टुडियो र बालाजु ल्याबमा आइताबारबाट छायांकन गरिएको गीतको आज बिहान छायांकन सकिए सगै फिल्मको सम्पूर्ण छायांकन सकिएको हो ।

चलचित्रको आखै रसिलो गीतमा दीपक शर्माको शब्द तथा संगीत रहेको छ भने अस्मिता अधिकारी र सबिन सुबेदीको स्वर रहेको छ । गीतलाई कविराज गहतराजले कोरियोग्राफी गरेका हुन् । गीतमा चलचित्रका मुख्य कलाकार रोशन श्रेष्ठ र आयुषा समालसगै मेरो डान्स युनिभर्सकी बिजेता खुशी कार्की, नारायण प्रधान, डि आइडीका टप टेन डान्सर नरेश वीर सिंहलाई फिचर्ड गरिएको छ ।

चलचित्रको केहि दिन अघि अमेरिकामा समेत छायांकन गरिएको थियो । 'यो मन त मेरो नेपाली हो' नेपालको झापा, इलाम साथै भारतको सिकिम, दार्जीलिङ, जयगाउ पश्चिम् बङ्गाल लगायतको ठाउँमा चलचित्रको छायांकन गरिएको थियो। यस चलचित्रमा भारत, मलेसिया, पोल्याण्ड, अस्टिया, बेल्जियम, ट्युनिसिया, जर्मनी, साउथ अफ्रीका लगायतका देशका कलाकारहरूको अभिनय रहेको छ।

अमेरिकामा रहेका साहित्यकार मित्र प्रधान (नर)को निर्देशन रहेको चलचित्र 'यो मन त मेरो नेपाली हो'लाई ज्ञान बहादुर प्रधान (रोशन) ले निर्माण गरेका हुन् । चलचित्रमा रोशन श्रेष्ठ, विल्सन विक्रम राई, बुद्धि तामाङ 'हैट', विजय बराल, आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन 'मन्त्री', सुबास भन्डारी, बिजय सुब्बा, बिजिता बर्देवा, देवराज राजबन्शी लगायतको अभिनय रहेको छ।चलचित्रकी नायिका आयुषा समाल मेरो डान्स कप युएसए कि फर्स्ट रनर अप हुन् ।

पद्मा ईश्वर ईन्टरटेन्मेन्ट प्रा.लि.को प्रस्तुतीमा मित्र प्रधान (नर) को प्रस्तुतिमा निर्माण भएको 'यो मन त मेरो नेपाली हो'ले विदेशमा रहेका नेपालीको मुद्धालाई उठान गर्दैछ। चलचित्रले नेपाली भाषा, साहित्य, कला, यसको ईतिहास, महत्व र नेपाली भाषाको गौरवसंगै नेपाली को हुन् भन्ने विषयबस्तुलाई उठान गर्न खोजेको छ ।शिवम् अधिकारीको लेखनमा निर्माण भएको चलचित्रले विश्वका विभिन्न देशहरूमा बसोबास गर्दै आएका नेपालीहरूले आफ्नो कला, संस्कार, संस्कृति बिर्सदै गएको हुँदा चलचित्रको माध्यमबाट नेपाली भाषा प्रतिको आकर्षण, महत्व र ईतिहास दर्साउन खोजिएको छ ।

मित्र प्रधान (नर) को कथा तथा निर्देशन रहेको चलचित्र 'यो मन त मेरो नेपाली हो'मा दिपक शर्माको संगीत ,सौरभ लामाको छायांकन, देव महर्जन द्वन्द्व, समिर मियाको भिएफएक्स, कविराज गहतराजको कोरियोग्राफी रहेको छ ।

**नेपाल-अफ्रिका चलचित्र महोत्सव**

# 'फुल' र 'गोर्खा वारियर' उत्कृष्ट चलचित्र

■ प्रभाव संवाददाता



**काठमाडौं–** कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेशन र विलक्षण क्रियसनको आयोजना तथा चलचित्र विकाश बोर्डको सह आयोजनामा ७ असारबाट काठमाडौंमा सुरु भएको '१२ औं नेपाल अफ्रिका फिल्म फेस्टिबल-२०२४' ९ असार आईतबार बेलुका सम्पन्न भएको छ । महोत्सबमा नेपालबाट २० वटा चलचित्र र विभिन्न ९ मुलुकबाट ८ वटा अफ्रिकन चलचित्रसहित २८ वटा चलचित्र सहभागी थिए ।

रक्षामन्त्री हरिप्रसाद उप्रेतीको प्रमुख आतिथ्यतामा महोत्सबमा सहभागी चलचित्रहरू मध्य उत्कृष्ट चलचित्र तथा कलाकार प्राविधिकलाई पुरस्कार प्रदान गर्दै आईतबार साँझ यो महोत्सब सम्पन्न भएको हो । विजेताहरूलाई कार्यक्रममा रक्षामन्त्री हरिप्रसाद उप्रेती, अग्रज अभिनेत्री बसुन्धरा भुसाल, अभिनेता रमेश उप्रेतीले अवार्ड प्रदान गरे ।

महोत्सबमा अफ्रिकाबाट सहभागी चलचित्रहरू मध्य उत्कृष्ट अफ्रिकन कथानक चलचित्रको अवार्ड रामदान सुलेमान निर्देशित साउथ अफ्रिका/मोजाम्बिया/जिम्बाबेको चलचित्र 'फुल'ले जितेको छ । महोत्सबमा उत्कृष्ट अफ्रिकन बृत्तचित्रको अवार्ड तान्जानियाँ/टर्कीको बृत्तचित्र 'ह्वाईट पोजन'ले प्राप्त गऱ्यो भने उत्कृष्ट लघु चलचित्रको अवार्ड क्यामरुनको लघु चलचित्र 'सर्भाईभर'ले हाँसिल गऱ्यो । महोत्सबमा जुरी अवार्ड क्यामरुनको लघु चलचित्र अफस्प्रिङबाट निर्देशक टाटा फिडेलिसले हाँसिल गरे भने स्पेशल मेनसन अवार्ड जमैकाको लघु चलचित्र 'इग्नोरेन्स इज अ लाइफस्टाईल'ले प्राप्त गऱ्यो । अफ्रिकन तर्फको निर्णायकमा नेपालबाट पत्रकार तथा बृत्तचित्र निर्देशक गणेश पाण्डे, चलचित्र विकाश बोर्डका सदस्य एवम् निर्देशक राजु केसी, निर्माता रौनकबिक्रम कँडेल, भारतबाट चलचित्रकर्मी राहुल बर्मा र बँगलादेशबाट चलचित्रकर्मी महम्मद शाहरियर कमल थिए ।

यस्तै नेपाली कथानक चलचित्र विधामा गोर्खा वारियर उत्कृष्ट चलचित्र बन्न सक्यो भने यही चलचित्रबाट उत्कृष्ट निर्देशकको अवार्ड मिलन चाम्सले र उत्कृष्ट अभिनेताको अवार्ड रितेश चाम्सले जिते । उत्कृष्ट अभिनेत्रीको अवार्ड चलचित्र सरी मम्बाट सरिता लामिछानेले, यही चलचित्रबाट अभिनेता जुरी अवार्ड प्रभात पाल ठकुरीले, संगीतकारको अवार्ड चलचित्र काँडेतारबाट दिपक शर्माले, गायिकाको अवार्ड काँडेतारबाटै सत्यकला राई र गायकको अवार्ड चलचित्र शिरफुलबाट आर्जन पाण्डेले प्राप्त गरे । यस्तै उत्कृष्ट बृत्तचित्र निर्देशकको अवार्ड यसपालीको काँचो बायुबाट भिमा मैनाली र बृत्तचित्र छायाँकारको अवार्ड जर्नी टु गोक्योबाट राजन खरेलले प्राप्त गरे । यस्तै आदिबासी चलचित्र तर्फ उत्कृष्ट अदिबासी चलचित्रको अवार्ड लोजिमाले, यही चलचित्रबाट उत्कृष्ट अभिनेत्रीको अवार्ड बिमला लिम्बुले, सह अभिनेताको अवार्ड रुद्र पाहिमले प्राप्त गरे । उत्कृष्ट आदिबासी अभिनेताको अवार्ड चलचित्र सनाखतबाट धिरने शाक्यले हाँसिल गरे । यस्तै जुरी अवार्ड चलचित्र लिम्बु चलचित्र रितले, उत्कृष्ट निर्देशकको अवार्ड रितबाटै दिनेश लिङदेनले प्राप्त गरे । नेपाली चलचित्र , आदिबासी चलचित्र तथा बृत्तचित्रको निर्णायकमा अभिनेता बीरेन्द्र हमाल, पत्रकार प्रदिप कार्की, गायक ओम सुनार, नृत्य निर्देशक कृष्ण रसाल थिए ।

महोत्सबमा लघु चलचित्र तथा सँगीतिक लघु चलचित्रतर्फ उत्कृष्ट लघु चलचित्र निर्देशकको अवार्ड घटेरोबाट पुरुषोत्तम बस्नेतले, लघु चलचित्र अभिनेत्रीको मातृत्वबाट सिर्जना अधिकारीले, उत्कृष्ट पटकथाको अवार्ड लघु चलचित्र धुकधुकीबाट तारा अधिकारीले, उत्कृष्ट छायाँकारको अवार्ड लघु चलचित्र रोटेन ब्लडबाट रविन आचार्यले र उत्कृष्ट लघु सांगीतिक चलचित्र संगीतकारको अवार्ड शँकर थापा 'स्माईल'ले हाँसिल गरे । यो समुहको निर्णायकमा गायक हिमाल श्रेष्ठ, मोडलद्धय प्रतीक्षा काफ्ले र सजिना लामिछाने थिए ।

रक्षामन्त्री हरिप्रसाद उप्रेतीले महोत्सबको समापन समारोहलाई सम्बोधन गर्दै यो महोत्सबले नेपाल र अफ्रिकालाई चलचित्रको माध्यमबाट जोडेको बताए । उनले यो महोत्सबलाई राज्यबाट सहयोगको लागि आफुले पहल गर्ने प्रतिवद्धता जनाए ।


अग्रज अभिनेत्री बसुन्धरा भुसालले अघिल्लो वर्ष लघु चलचित्र अभिनेत्रीको अवार्ड आफुले जितेको र नेपालको एउटा राम्रो अन्तराष्ट्रिय चलचित्र महोत्सबको रूपमा आफुले यसलाई हेरेको बताए । महोत्सब निर्देशक डब्बु क्षत्रीले महोत्सब अध्यक्ष डा. मञ्जु मिश्रको सपना अनुसार १३ वर्षदेखि यो महोत्सब आयोजना गर्दै आएको जानकारी गराए । अफ्रिकन फिल्मका जुरी प्रमुख गणेश पाण्डे र नेपाली चलचित्रका जुरी प्रमुख बीरेन्द्र हमालले चलचित्र चयनको प्रकृयाबारे प्रकाश पारे । महोत्सबमा बीरेन्द्र हमालको प्रशिक्षणमा तीन दिनसम्म अभिनय प्रशिक्षण लिएर विधार्थीलाई सो समारोहमा प्रमाणपत्र प्रदान गरियो ।



**कोपा अमेरिका**

# ब्राजिल कोस्टारिकासँग बराबरीमा

## कोलम्बियाको विजयी सुरूआत




**काठमाडौं (प्रस)–** जारी कोपा अमेरिका फुटबलमा ब्राजिलले औसत शुरुवात गरेको छ । मंगलबार बिहान सम्पन्न खेलमा ब्राजिल कोस्टा रिकासँग गोलरहित बराबरी खेलेको हो । समुह डी अन्तर्गतको यस खेलको ९० मिनेटसम्मको खेलमा दुवै देशले कुनै गोल गर्न नसकेपछि एक एक अंक बाँडेका छन् ।

समुह डी अन्तर्गत आजै सम्पन्न खेलमा कोलोम्बियाले पराग्वेलाई २-१ होल अन्तरले पराजित गर्दै विजयी शुरुवात गरेको छ । कोलोम्बियाको जितमा डानिएल मुनोज र जेफेरसन् लेर्माले एक एक गोल गरेका थिए भने पाराग्वेका लागि जुनिलो एन्सिसोले एक गोल गरेका थिए । यो जितपछि कोलोम्बियाले महत्वपूर्ण ३ अंक हासिल गरेर शिर्ष स्थानमा रहेको छ भने ब्राजिल र कोस्टा रिकाको एक एक अंक रहेको छ । अब ब्राजिलले दोस्रो खेल जुन २९ मा पराग्वेसँग खेल्ने छ भने कोलोम्बियाले सोहि दिन कोस्टा रिकासँग खेल्ने छ ।

# डेभिड वार्नरले लिए सन्यास

**काठमाडौं (प्रस)–** अस्ट्रेलियाका महान ब्याट्सम्यान डेभिड वार्नरले १५ वर्ष लामो अन्तर्राष्ट्रिय क्रिकेट करियर अन्त्य गरेका छन् । मंगलबार अफगानिस्तानले बंगलादेशविरुद्धको ट्वान्टी-२० विश्वकपमा जित हात पारेसँगै उनले 'गुपचुप' रूपमा सन्न्यासको घोषणा गरेका हुन् । अफगानिस्तानको जितसँगै पूर्वविजेता अस्ट्रेलिया ट्वान्टी-२० विश्वकपको सेमिफाइनलमा पुग्न असफल भएको थियो ।

बंगलादेशविरुद्धको जितसँगै सन् २०२१ को च्याम्पियन अस्ट्रेलिया 'सुपर एट'को समूह 'एक' को तेस्रो स्थानमा रह्यो । अफगानिस्तानसँग स्तब्ध हुनुअघि अस्ट्रेलियाले भारतसँग पनि हार बेहोरेको थियो । सन् २००९ को जनवरीमा ट्वान्टी-२० खेलमार्फत अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेका थिए । ३७ वर्षीय वार्नरले आफ्नो अन्तिम अन्तर्राष्ट्रिय खेल जुन २४ मा ग्रोस आइलेटमा भारतविरुद्ध खेलेका थिए ।

अस्ट्रेलियाका सर्वकालिक महान खेलाडीमध्येका एक वार्नरले न 'गार्ड अफ अनर' पाउन सके न त दर्शकले उनलाई उभिएर ताली बजाएर बिदाइ गरे । आफ्नो अन्तिम खेलमा उनले ६ बलमा ६ रन बनाएका थिए । उनी अर्शदीप सिंहको बलमा सूर्यकुमार यादवबाट क्याच आउट भएका थिए । उनी टाउको निहुराएर मैदानबाट बाहिर निस्केका थिए । यद्यपि, यो उनको अन्तिम खेल हो या होइन भन्ने कसैलाई थाहा थिएन ।

वार्नरले सन् २०२३ को नोभेम्बरमा भारतमा विश्वकप फाइनल जित्दा आफ्नो अन्तिम एकदिवसीय र यसै वर्षको जनवरीमा पाकिस्तानविरुद्ध अन्तिम टेस्ट खेलेका थिए । उनले यो ट्वान्टी-२० विश्वकप आफ्नो अन्तिम अन्तर्राष्ट्रिय प्रतियोगिता हुने संकेत दिएका थिए ।

वार्नरले ११० खेलमा ३३.४३ को औसत र १४२.४७ को स्ट्राइक रेटमा ३,२७७ रन बनाएका छन् । उनले छोटो फर्म्याटमा एक शतक र २८ अर्धशतक बनाएका थिए । उनले सन् २०११ देखि २०२४ सम्म ११२ टेस्टमा २६ शतक र ३७ अर्धशतकसहित ४४.५९ को औसतमा ८,७८६ रन बनाएका थिए भने १६१ एकदिवसीय खेलमा २२ शतक र ३३ अर्धशतकसहित ४५.३० को औसतमा ६,९३२ रन बनाएका थिए । वार्नरले अन्तर्राष्ट्रिय क्रिकेटमा ४९ शतक र १९ हजार रन बनाएका छन् । उनले सन् २०१८ मा दक्षिण अफ्रिकाविरुद्धको टेस्ट म्याचका क्रममा केपटाउनको न्युल्यान्ड्समा भएको स्यान्डपेपर गेट स्क्यान्डलसँग आफ्नो नाम सधैं जोडिने बताए । न्युल्यान्ड्स टेस्टमा क्यामरुन बेनक्राफ्टले स्यान्डपेपरको प्रयोग गरेर बललाई स्क्रैप गरेका थिए र वार्नरलाई एक वर्षको प्रतिबन्ध लगाइएको थियो ।


## तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गोइठी, सप्तरी, मधेश प्रदेश, नेपाल

### उद्योग तथा व्यवसायका लागि उपभोक्ताम हित संरक्षणमा जारी सूचना

- बिक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजतपत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# अफगानिस्तानमा एक वर्षभित्र १५० परियोजना सुरु

**हेरात (अफगानिस्तान)**– पश्चिमी अफगानिस्तानको हेरात प्रान्तमा वर्षभन्दा कम समयमा ४.५ मिलियन अमेरिकी डलरका १५० वटा कृषि तथा पूर्वाधार परियोजनाको निर्माण कार्य सुरु भएको एक स्थानीय अधिकारीले बताएका छन् ।

परियोजनामा जलाशय बाँध, सडक, सुरक्षात्मक पर्खाल र पानी नहरहरू, साथै प्रान्तको एञ्जेल, गुजारा र जेन्डाजन जिल्लाका छेउछाउका कुवा समावेश रहेको हेरातको प्रान्तीय सरकारका प्रवक्ता निसार अहमद इल्यासले बताए ।

सार्वजनिक उपयोगिताका परियोजना कार्यान्वयन गरेर छ हजार गाउँलेका लागि रोजगारीको अवसर सिर्जना गरिएको इल्यासले भने स्थानीय अधिकारीले प्रान्तमा सन्तुलित विकास, रोजगारी सिर्जना र जनताको जीविकोपार्जन सुधारमा ध्यान दिएका छन् । अफगान कार्यवाहक सरकारले आर्थिक चुनौतीको सामना गर्ने र रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले युद्धग्रस्त देशभरि थप कृषि र पूर्वाधार परियोजना सुरु गर्ने योजना बनाएको छ । *रासस⁄सिन्ह्वा*

# अमेरिका संलग्न मिसाइल आक्रमणको बदला लिने रूसको चेतावनी

**मस्को–** रुसले बढ्दो तनावका बीच संयुक्त राज्य अमेरिकालाई क्रिमियामा असभ्य आक्रमणको योजना बनाएको आरोप लगाएको छ । रुसी रक्षा मन्त्रालयका अनुसार रुसी कब्जामा रहेको क्रिमियन प्रायद्वीपमा भएको आक्रमणमा अमेरिकाले आपूर्ति गरेको पाँचवटा आर्मी टयाक्टिकल मिसाइल सिस्टम (एटिएसिएमएस) मिसाइल सामेल थिए । मन्त्रालयले चारवटा क्षेप्यास्त्र रोकिएको र पाँचौं हावामा विष्फोट भएको बताएको छ । उक्त घटनामा बालबालिकासहित धेरै घाइते भएको अल जजिराले जनाएको छ ।

रुसी विदेश मन्त्रालयले सोमबार अमेरिकी राजदूत लिन ट्रेसीलाई बोलाएर उक्त घटनालाई वासिङ्टनले भड्काएको 'प्रोक्सी वार' भन्दै निन्दा गरेको छ र जवाफमा जवाफी कारबाही गर्ने वाचा गरेको छ ।

फेब्रुअरी २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेदेखि मस्कोले द्वन्द्वलाई पश्चिमी समर्थित युद्धको रूपमा लिएको छ । अमेरिकी विदेश विभागका प्रवक्ता म्याथ्यू मिलरले पत्रकारलाई सम्बोधन गर्दै अमेरिकाले युक्रेनको सार्वभौमसत्ताको रक्षा गर्न हतियार आपूर्ति गरेको बताए ।

राजदूत ट्रेसीले हालैको घटनाबाट कुनै पनि नागरिक हताहत भएकोमा खेद व्यक्त गरेका छन् । क्रेमलिनले युक्रेनलाई रूसी क्षेत्रभित्रका लक्ष्यहरू विरुद्ध आपूर्ति गरिएका हतियारहरू तैनाथ गर्न अनुमति दिने अमेरिकी निर्णयको कडा आलोचना गर्नुका साथै सम्भावित प्रतिक्रियाको चेतावनी दिएको छ ।

मस्कोले अमेरिकी विशेषज्ञहरूले अमेरिकी जासुसी उपग्रहहरूबाट प्राप्त डेटा प्रयोग गरेर क्षेप्यास्त्र आक्रमणमा समन्वय गरेको आरोप लगाएको छ । 'वासिङ्टनको यस्तो कार्य प्रतिक्रियाविना छोडिने छैन,' रुसको विदेश मन्त्रालयले सोमबार एक विज्ञप्तिमा भने ।

रुसी अधिकारीहरूले युक्रेन द्वन्द्व खतरनाक चरणमा प्रवेश गरेको बताएका छन् । सन् २०१४ मा रुसले कब्जा गरेको तर अन्तर्राष्ट्रियरूपमा युक्रेनी क्षेत्रको रूपमा मान्यता प्राप्त क्रिमियामा घातक द्वन्द्वमा उल्लेखनीय वृद्धि भइरहेको छ । *रासस⁄एएनआई*

# असाञ्ज नजरबन्द मुक्तिको राष्ट्रसंघद्वारा स्वागत




**जेनेभा (स्वीट्जरल्याण्ड)–** संयुक्त राष्ट्रसंघले मंगलबार विकिलिक्सका संस्थापक जुलियन असाञ्जको बेलायतमा नजरबन्दबाट रिहाइलाई यस मुद्दालाई निश्चितरूपमा समाधान गर्ने महत्त्वपूर्ण कदम भनी प्रशंसा गरेको छ ।

असाञ्जले संयुक्त राज्यका अधिकारीसँग निवेदन सम्झौतामा पुगेपछि अन्तिम अदालतको सुनुवाइको सामना गर्न तयार थिए, जसले उनको वर्षौं लामो काराबास जिवनको अन्त्य गरेको छ ।

बेलायतमा नजरबन्दबाट जुलियन असाञ्जको रिहाइलाई स्वागत गरेको बताउँदै संयुक्त राष्ट्रसंघको अधिकार कार्यालयकी प्रवक्ता लिज थ्रोसेलले अन्तिम निवेदन सम्झौता अझै स्वीकृतिको प्रतीक्षामा रहेको जनाएकी छन् । आफूले बारम्बार यो विषय उल्लेख गरिसकेको जनाउँदै उनले यो मुद्दाले लामो समयदेखि मानवअधिकारको चिन्ताको शृंखला खडा गरेको बताइन् । प्रशान्त महासागरको उत्तरी मारियाना टापुको अदालतमा दायर गरिएको कागजातअनुसार असाञ्ज राष्ट्रिय रक्षा जानकारी प्राप्त गर्न र प्रसार गर्न षड्यन्त्रको एकल गणनामा दोषी ठहर गर्न सहमत भएका छन् । उनी आज बुधबार अदालतमा उपस्थित हुने छन् ।

असाञ्जको बढ्दो लामो नजरबन्दले पनि चिन्ताको छुट्टै मुद्दा खडा गरेको बताउँदै थ्रोसेलले आउँदो दिनमा पनि घटनाक्रमको निरन्तर निगरानी जारी राख्ने बताएकी छन् । *रासस⁄एएफपी*



जर्मनीमा जारी युरोकप–२०२४ फुटबल प्रतियोगिता अन्तर्गत सोमबार राति डुसेलडोर्फमा भएको अल्बानिया र स्पेनबीचको खेलमा आफ्नो देशको टोलीलाई हौसला दिँदै अल्बेनियाली समर्थक । उक्त खेलमा स्पेन १–० गोलले विजयी भएको थियो । *तस्बिरः एपी*

# अमेरिकाको द्वन्द्व रोक्ने प्रयासबीच इजरायलद्वारा गाजामा बम प्रहार



**गाजापट्टी–** संयुक्त राज्य अमेरिकाले आफ्ना सहयोगीहरूलाई लेबनान सीमामा हिंसा बढ्न नदिन आग्रह गरेसँगै प्रधानमन्त्री बेञ्जामिन नेतान्याहूले युद्धको 'तीव्र चरण' समाप्त भइरहेको बताएका थिए तर इजरायलले मंगलबार गाजामा पुनः बम प्रहार गरेको छ । हमासद्वारा सञ्चालित क्षेत्रको नागरिक सुरक्षा एजेन्सीका अनुसार इजरायली सेनाले गरेको घातक आक्रमणमा परी दुई विद्यालयका १३ जनाको मृत्यु हुनुका साथै गाजा सहरको एक घर नष्ट भएको छ । इजरायलले गाजाबाट लेबनानको सिमानामा केही सैनिकहरू पुनः तैनाथ गर्ने योजना बनाएको बेला अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले सोमबार देशको रक्षामन्त्रीलाई हिंसा बढ्न नदिन दबाब दिएका हुन् ।

ब्लिन्केनले 'द्वन्द्वको थप वृद्धिबाट बच्न र इजरायली र लेबनानी दुवै परिवारलाई आफ्नो घर फर्कन अनुमति दिन कूटनीतिक समाधानमा पुग्ने महत्त्वलाई जोड दिनुभयो', प्रवक्ता म्याथ्यू मिलरले वासिङ्टनमा रक्षामन्त्री योव ग्यालान्टसँगको बैठकपछि बताएका हुन् ।

अक्टोबर ७ मा इजरायल-हमास युद्ध सुरु भएदेखि इजरायल र लेबनानको हजबोल्लाहबीच दैनिक सीमापार गोलीबारी भइरहेको छ । पछिल्लो लडाइँमा, इरान समर्थित हजबोल्लाहले सोमबार सीमापारका तीनवटा इजरायली सैन्यस्थल लक्षित आक्रमण गरेको बताएको छ । इजरायली सेनाले आफ्ना लडाकु विमानहरूले पूर्वी लेबनानको बालबेक क्षेत्रमा उग्रवादी पूर्वाधारमा आक्रमण गरेको बताएको छ ।

हालैका महिनहरूमा आ-आफ्ना राष्ट्रका सीमावर्ती क्षेत्रका हजारौं लेबनानी र इजरायली नागरिक लडाइँका कारण विभिन्न देशमा शरण लिन बाध्य भएका छन् । 'हजबोल्लाहलाई सीमाबाट हटाउनुपर्छ,' इजरायली सीमावर्ती सहर किर्यात शमोनाबाट विस्थापित ४९ वर्षीया हेलेन एबर्गेलले भनिन् । गाजामा इजरायली आक्रमणले धेरै पूर्वाधार नष्ट गरेको छ र नागरिक बाँच्न संघर्ष गरिरहेका छन् । *रासस⁄एएफपी*

# श्रीलंकामा स्वास्थ्य सेवा सुधार गर्न १५० मिलियन डलर स्वीकृत




**कोलम्बो (श्रीलंका)–** विश्व बैंकको कार्यकारी निर्देशक बोर्डले श्रीलंकाको प्राथमिक स्वास्थ्य सेवा गुणस्तर र उपयोग सुधार गर्नका लागि १५० मिलियन अमेरिकी डलर ऋिण स्वीकृत गरेको छ ।

विश्व बैंकले परियोजनाले स्थानीय समुदायलाई आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने प्राथमिक चिकित्सा सेवा संस्थाको प्रयोग बढाउने र हेरचाहको गुणस्तर सुधार गर्न मद्दत गर्ने जनाएको छ । क्षमता चुनौती र औपचारिक संयन्त्रको अभावले श्रीलंकामा प्राथमिक स्वास्थ्य सेवा सुविधाको कम उपयोग तथा हेरचाह सुविधामा भीडभाड निम्त्याएको छ ।

अघिल्लो विश्व बैंक समर्थित परियोजनाले पहिले नै ५५० प्राथमिक चिकित्सा सेवा संस्थालाई आवश्यक उपकरण, औषधि, स्वास्थ्य कार्यकर्ता र आधारभूत प्रयोगशाला परीक्षण सुविधासहित विस्तार गरिसकेको छ ।

नयाँ परियोजनाले श्रीलंकाका सबै जिल्लाहरूमा सतप्रतिशत प्राथमिक चिकित्सा सेवा संस्थालाई समेट्न यी प्रयासलाई विस्तार गर्ने छ भने थप सेवा प्याकेज र हेरचाहको गुणस्तर सुधार गरी एक हजारभन्दा बढी सुविधामा विस्तार गर्ने छ । *रासस⁄सिन्ह्वा*

# भारतीय जलमन्त्रीको भोक हडताल तोडियो

**नयाँदिल्ली–** भारतको राजधानी दिल्लीमा चलिरहेको पानी संकटलाई लिएर दिल्ली सरकारकी जलमन्त्री आतिशीको अनिश्चितकालीन भोक हडताल उनको स्वास्थ्य बिग्रिएर अस्पतालमा भर्ना भएपछि मंगलबार समाप्त भएको छ ।

जलमन्त्रीलाई उनको रगतमा सुगरको मात्रा-३६ मा झरेको कारण स्थानीय अस्पतालमा भर्ना गरिएको स्रोतले जनाएको छ । आम आदमी पार्टीका अनुसार आतिशीले विगत पाँच दिनदेखि केही खाएकी छैनन् ।

दिल्लीमा गर्मीको लहरको बीचमा आतिशीले देशको प्रधानमन्त्री नरेन्द्र मोदीलाई चलिरहेको पानीको अभावबारे पत्र लेखेर सहज पानी प्राप्तीको माग गर्दै जुन-२१ मा भोक हडताल सुरु गरेकी थिइन् । उनले छिमेकी हरियाणाले दिल्लीलाई पर्याप्त पानी नदिएकाले पानीको संकट उत्पन्न भएको जनाउँदै आएकी थिइन् । *रासस⁄सिन्ह्वा*

# जलवायु परिवर्तनका कारण जंगलहरूमा आगलागी बढ्दै

**पेरिस–** उत्तरी गोलार्द्धको उत्तरी अमेरिकादेखि युरोपसम्मका अधिकतम गर्मी मापन भएसँगै जलवायु परिवर्तनले निम्त्याएको जंगली आगलागीको बढ्दो उग्रताका लागि संसार तयार नरहेको वैज्ञानिकहरू बताएका छन् । यस मौसमको सुरुमा टर्की, क्यानाडा, ग्रिस र संयुक्त राज्य अमेरिकाको जंगलका धेरै भागहरूमा आगलागी भइसकेको छ ।

हालैका वर्षमा अगलागी नियन्त्रणका लागि अतिरिक्त स्रोत प्रयोगमा ल्याइए पनि योजना र तयारी पर्याप्त नभएको विज्ञले बताएका छन् । मौसमी अवस्थासहित धेरै कारकको अध्ययनअनुसार आगलागीको परिणाम कति नराम्रो हुन्छ भनेर भविष्यवाणी गर्नु वा कहाँ र कहिले विपद् निम्तिन्छ भनी आँकलन गर्नु चुनौतीपूर्ण हुन सक्छ ।



समग्रमा, जंगलमा आगलागी ठुलो हुँदै गइरहेको छ र अझ गम्भीररूपमा बढिरहेको छ । यस्तो चरम घटनाहरूको आवृत्ति र तीव्रताको जाँच गर्ने लेखक डोएरले भने । जुनमा प्रकाशित एउटा छुट्टै अध्ययनका अनुसार चरम जंगली आगोको आवृत्ति र परिमाण विगत २० वर्षमा दोब्बर भएको देखिन्छ । संयुक्त राष्ट्र पर्यावरण कार्यक्रमको सन् २०२२ को प्रतिवेदनअनुसार शताब्दीको अन्त्यसम्ममा विश्वभर चरम जंगली आगोको संख्या ५० प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

डोएरले मानव समुदायले अहिलेसम्म यो वास्तविकताको सामना नगरेको बताए । 'हामी अहिले सामना गरिरहेका अवस्थाका लागि स्पष्टरूपमा तयार छैनौं । भूमि प्रयोग र आवास विकासजस्ता अन्य कारकहरूले यस अवस्थाका लागि ठूलो भूमिका खेल्ने भएता पनि जलवायु परिवर्तन एक प्रमुख चालक हो,' उनले भने । *रासस⁄एएफपी*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १४२३०० | प्रति तोला - १४१६०० | प्रति तोला - १८१५ |



**रमणीय पिसाङ गाउँ** | हिमालपारिको जिल्ला मनाङको मनाङ ङिस्याङ गाउँपालिका-१ स्थित पिसाङ गाउँ । सामुद्रिक सतहदेखि ३३ सय मिटरको उचाइमा अवस्थित पिसाङ विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्दछ । *तस्बिर: रामबहादुर थापा/रासस*

# 'बजेट सन्तुलित, समन्यायिक र नतिजामूलक छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आर्थिक वर्ष २०८१/८२ को बजेट तुलनात्मक रूपमा सन्तुलित, समन्यायिक र नतिजामूलक रहेको बताएका छन् । प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायका विनियोजन शीर्षकमाथि उठेका प्रश्नको जवाफ दिँदै उनले तीव्रतर विकासमार्फत आर्थिक, सामाजिक, भौगोलिक विषमतालाई अन्त्य गरी सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने लक्ष्य बजेटले लिएका स्पष्ट पारे ।

'सोहीअनुरूप स्रोत र साधनबाट वञ्चित र मानव विकास सूचकांकमा पछाडि परेका कर्णाली, मधेस र सुदूरपश्चिमलगायत क्षेत्रमा प्रदेशको विशिष्टताका आधारमा रूपान्तरणकारी, ठूला, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना अघि सार्दै आवश्यक बजेट विनियोजन गरिएको छ', उनले भने, 'प्रदेशगत विनियोजनको तथ्यांक हेर्दा कर्णाली र मधेस प्रदेशलगायत भौगोलिक क्षेत्रमा तुलनात्मक रूपमा पर्याप्त बजेट विनियोजन गरिएको छ ।'

बजेटले पाँच उद्देश्य, पाँच प्राथमिकता, आर्थिक सुधारका पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्र निर्धारण गरी लक्ष्यित उद्देश्य हासिल गर्न विभिन्न मन्त्रालयका कार्यक्रम तर्जुमा भई बजेट विनियोजन गरिएको उनले बताए । प्रधानमन्त्री दाहालले शासकीय व्यवस्थालाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन एवं त्यसअनुरूपको निर्णय, निर्देशन, समन्वय र नियन्त्रण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले काम गरिरहेको स्पष्ट पारे । उनले सुशासन, सदाचार प्रवर्द्धन, शासकीय सुधार, अन्तर मन्त्रालय र अन्तर तह समन्वय प्रभावकारी बनाउन प्रधानमन्त्री कार्यालय क्रियाशील रहेको बताए ।

प्रधानमन्त्रीले राजतन्त्रको अन्त्यपछि स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीले सर्वोच्च सम्मानित अभिभावकीय संस्थाका रूपमा राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था गरेको जानकारी गराउँदै राष्ट्रपति र उपराष्ट्रपति दुवै पदको काम, कर्तव्य, अधिकार र भूमिका संविधानमा नै व्यवस्था गरिएको स्पष्ट पारे । 'नेपालको संविधानको धारा, ७३ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यसम्पादनका लागि छुट्टाछुट्टै कार्यालय रहने र कार्यालयको कामकारबाही सञ्चालन गर्न आवश्यक कर्मचारी तथा अन्य व्यवस्था नेपाल सरकारले गर्नेछ भन्ने व्यवस्था रहेको छ, यसै अनुरूप राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयको कार्यसम्पादनका लागि आवश्यक कर्मचारी, विज्ञलगायत दैनिक कार्यसञ्चालन खर्चका लागि बजेट विनियोजन गरिएको स्पष्ट पार्न चाहन्छु', उनले भने ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गतका विभिन्न नौवटा महाशाखाको कार्य जिम्मेवारी र कार्य विवरणअन्तर्गत पर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरिएको जानकारी दिँदै उनले अनिवार्य दायित्व एवं दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि अत्यावश्यक बजेट विनियोजन गरिएको र चालु खर्चमा गत वर्षभन्दा उल्लेख्य कटौती गरिएको जानकारी दिए । प्रधानमन्त्री दाहालले विद्यमान सङ्घीय संरचनामा देशमा समष्टिगत एवं एकीकृत नीति तथा योजना निर्माणमा राष्ट्रिय योजना आयोगको सान्दर्भिकता झनै बढेको बताए ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय देशको सर्वोच्च कार्यकारी निकाय भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई सर्वोच्च कार्यकारी निकाय मातहत राखिँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय र सहकार्य सहज हुने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा यस कार्यालयलाई सुशासनको उत्कृष्ट निकायका रूपमा स्थापित गर्न आवश्यक कार्य र क्रियाकलाप पहिचान गरी क्रमशः कार्यान्वयन गरिँदै लगिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रधानमन्त्री कार्यालयलाई पुनः संरचना गरी ६८ दरबन्दी कटौती गरिएको सदनलाई जानकारी गराए ।

उनले सूचनाको संवेदनशीलता र सुरक्षा व्यवस्थापनको प्रभावकारितालाई दृष्टिगत गरी प्रत्यक्ष रूपमा सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतमा राखिएको स्पष्ट पार्नुभयो । 'अन्तर्राष्ट्रिय अभ्यास हेर्दा यस्तो जिम्मेवारी बहन गर्ने गुप्तचर संयन्त्र देशको कार्यकारी प्रमुखअन्तर्गत रहने अभ्यास रहेको छ, नेपालमा पनि यस सम्बन्धमा पर्याप्त अध्ययन विश्लेषण गरी यस प्रकारको व्यवस्था गरिएको व्यहोरा सम्मानित सदनसमक्ष जानकारी गराउन चाहन्छु', प्रधानमन्त्री दाहालले भने ।

# आन्तरिक वा बाह्य ऋण उत्पादनमूलक क्षेत्रमा खर्च गर्छौं : अर्थमन्त्री पुन

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले आन्तरिक वा बाह्य ऋणलाई बढीभन्दा बढी उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा खर्च गरिने बताएका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथि सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले ऋण लिएर अनुत्पादक क्षेत्रमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने बताए ।

उनले भूकम्पछिको पुनःनिर्माणका क्रममा ऋणको मात्रा बढे पनि आर्थिक वृद्धि भने भइरहेको बताए । 'आन्तरिक ऋण लिँदा निजी क्षेत्रले कर्जा नपाउने अवस्था आउन नदिन सरकार सचेत छ, ऋणको नयाँनयाँ सम्भावनाबारे बजेटले स्पष्ट पारेको छ', उनले भने, 'भूकम्पपछिको पुनःनिर्माणका क्रममा ऋणको मात्रा बढेको हो तर उक्त ऋणले लगातार सात प्रतिशतको आर्थिक वृद्धिमा सहयोग गरेको अवस्था थियो ।' सरकारले आन्तरिक ऋण कम गर्ने कोसिस गरिरहेको अर्थमन्त्री पुनको भनाइ छ ।

सैद्धान्तिक छलफलमा भाग लिँदै सांसदहरूले सरकारले उठाएको ऋणको सही ठाउँमा खर्च गर्न आग्रह गरे । सांसद डा प्रकाशशरण महतले ऋण ठोस र परिणाममूलक काममा खर्च गर्न नसकिए लगानीको उपयोग नभइ समस्या उत्पन्न गर्ने टिप्पणी गरे ।

सांसद राजेन्द्रकुमार केसीले मुलुकले धान्न नसक्ने गरी ऋण नउठाउन आग्रह गरे । डा. स्वर्णिम वाग्लेले वास्तविकतामा आधारित भएर मात्र ऋणको भारी बोकाउन आग्रह गरे । प्रदीप पौडेलले चालु खर्चका लागि पनि ऋण लिने र निजी क्षेत्रलाई आर्थिक विकासका लागि प्रोत्साहन नगर्ने नीति सही नभएको बताए ।

यसैगरी सांसद श्यामकुमार घिमिरेले राजस्व चुहावट नियन्त्रण र खर्च घटाउने नीतिमा जान सुझाव दिए । बद्रीप्रसाद पाण्डेले उत्पादनकमूलक काममा खर्च नगरी राष्ट्रले लिएको ऋण तिर्न फेरि ऋण लिनुपर्ने स्थिति आउनु प्रत्युत्पादक हुने टिप्पणी गरे । यस्तै, प्रेम सुवालले ८० प्रतिशत गरिब जनताको हातमा अर्थतन्त्र नरहेकाले घरेलु तथा साना उद्योग-व्यापारलाई प्रश्रय दिन सुझाव दिए । राजेन्द्रप्रसाद पाण्डेले पर्यटन, कृषि र शिक्षाजस्ता क्षेत्रमा लगानी गरी रोजगारी वृद्धि गरेमा ऋणको भारबाट बच्न सकिने विचार व्यक्त गरे ।

सांसद नागिना यादवले कूल ग्राहस्थ उत्पादनको पाँच दशमलव पाँच प्रतिशतभन्दा बढी आन्तरिक ऋण उठाउन नहुने बताइन् । यस्तै जीवन परियार, उदयशम्शेर राणा, सञ्जयकुमार गौतमलगायत सांसदले ऋण लिएर अनुत्पादक क्षेत्रमा खर्च गर्ने प्रवृत्ति अन्त्य गरिनुपर्नेमा जोड दिए ।

## नेप्सेमा सामान्य वृद्धि

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक पाँच दशमलव ६० अंकले बढेर दुई हजार ७१ दशमलव ७७ को विन्दुमा कायम भएको हो । तीन सय १९ कम्पनीको ९४ लाख ३५ हजार चार सय ५४ कित्ता शेयर ६० हजार आठ सय ५८ पटक खरिदबिक्री हुँदा रु चार अर्ब १८ करोड ७७ लाख ९६ हजार आठ सय ३३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

बैंकिङ समूह शून्य दशमलव ४६, वित्त समूह दुई दशमलव १५, निर्जीवन बीमा शून्य दशमलव २२, व्यापार शून्य दशमलव १८ र अन्य समूह शून्य दशमलव ०१ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । विकास बैंक समूह शून्य दशमलव ३२, होटल तथा पर्यटन एक दशमलव १२, जलविद्युत् एक दशमलव १८, लगानी एक दशमलव ७०, जीवन बीमा शून्य दशमलव ५५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३९, लघुवित्त शून्य दशमलव ३४ र लघुवित्त शून्य दशमलव ४२ प्रतिशतले बढेको छ ।

ग्लोबल आईएमई बैंक डिबेञ्चर २०८४/८५ को शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएको शेयर संख्याका आधारमा सबैभन्दा धेरै रु १४ करोड ८३ लाख आठ हजार १६ बराबरको रु दुई लाख २४ हजार नौ सय ९२ बराबरको कारोबार भएको छ ।

# अलैंची खेतीबारे राष्ट्रिय सम्मेलन

■ प्रभाव संवाददाता



**काठमाडौं–** अलैंचीको वर्तमान, अवस्था, अवसर र चुनौतीहरू बिषयक राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । कृषि क्षेत्र विशेष गरि अलैंचीमा संलग्न सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूको लागि 'अलैंचीको वर्तमान, अवस्था, अवसर र चुनौतीहरू बिषयक राष्ट्रिय सम्मेलन' काठमाडौंमा सम्पन्न भएको हो ।

सम्मेलन नेपाल अलैंची ब्यवसायी महासंघ र स्विस विकास सहयोगद्वारा निर्देशित, स्विसकन्ट्याक्ट र वातावरण तथा कृषि नीति अनुसन्धान, प्रसार एवं विकास केन्द्र (सिप्रेड) द्वारा संचालन भएको नेपाल कृषि बजार विकास कार्यक्रमले संयुक्त रूपमा आयोजना गरिएको हो । यस सम्मेलनले अलैंची क्षेत्रको विकास र विस्तारका सम्भावनाहरू, यससंग संबन्धित नीति निर्माणका मुद्दाहरू, व्यापारको विविधिकरणमा योगदान पुर्याउनका लागि र सरोकारवालाहरू विच संवादको अवसर सिर्जना गर्ने उद्देश्यले आयोजना गरिएको हो ।

सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनमा कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साह, कृषि सचिव डा. दीपक कुमार खराललगायतको उपस्थिति थियो ।

साथै कार्यक्रमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्ण बहादुर राउत, कोशी प्रदेश उद्योग कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. लेखराज दाहाल, नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ र उपाध्यक्ष हेमराज दाहाललगायतको उपस्थिति रहेको थियो ।

पछिल्ला वर्षहरूमा नेपाल अलैची ब्यवसायी महासंघ र नेपाल कृषि बजार विकास कार्यक्रमको सहकार्यमा प्रविधि विकास मार्फत गुणस्तर सुनिश्चितता एवं बजार प्रवर्द्धन मार्फत नेपालमा नै अलैंचीको खपत बढाउने उद्देश्यले विभिन्न नवीनतम कार्यहरू गरिदै आएको छ । यस सम्मेलनले निजी क्षेत्रले सार्वजनिक क्षेत्रका सरोकारवालासँग मिलेर अलैंची क्षेत्रको विकासमा कसरी योगदान पुर्याउन सक्छन भन्ने कुरामा पनि ध्यानाकर्षण गराएको थियो । यसले विभिन्न सरोकारवालाहरूविच विचारहरू आदानप्रदान गर्न र भविश्यमा सञ्चालन गरिने कार्यक्रमको बारेमा मार्गदर्शन प्रदान गरेको छ ।

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ